राष्ट्रिय साप्ताहिक
# जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३१, अङ्क– १२, असोज ३१ गते शुक्रबार, २०८२ (17 October, 2025) | www.janajibro.com | मूल्य रू. १०।-

# कार्यकारी भूमिकाबाट बिदा लिए देउवाले

## जीवन रहँदासम्म देश र जनताका लागि समर्पित रहिरहने प्रतिबद्धता

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले मंगलबार भावुक वक्तव्य दिँदै पार्टीको दशक लामो पार्टीको कार्यकारी जिम्मेवारीबाट औपचारिक रूपमै बिदा लिएका छन् । आफ्नो जीवन रहेसम्म देश र जनताका लागि समर्पित रहँने बताएका उनले जनताका अधिकारका लागि आफूले विभिन्न सयममा गरेको संघर्षको स्मरण समेत गराए ।

‘जेन-जी’ प्रदर्शनका क्रममा सांघातिक हमलामा परी घाइते समेत भएका उनले अहिलेसम्म देशमा भएका सबै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणको आन्दोलनमा सदैव सही एजेण्डा तय गरी देशलाई उचित गन्तव्यमा पुऱ्याउ कांग्रेस सफल भएको समेत बताए ।



पार्टीको केन्द्रीय कार्यसमितिको बैठकलाई सम्बोधन गर्दै उनले सो कुरा बताएका हुन् । कार्यकारी भूमिकाबाट विश्राम लिने निर्णय सुनाउँदै गर्दा पूर्वप्रधानमन्त्री समेत रहेका उनले ‘जेन-जी’ प्रदर्शनपछि विकसित परिस्थितिमा अन्तरिम सरकार गठन भएर प्रतिनिधि सभा निर्वाचनको मिति तोकिए पनि चुनावका लागि आवश्यक वातावरण बन्न नसकेको समेत बताए ।

आगामी १५औं महाधिवेशनमा विधानले देउवालाई उम्मेदवार हुन नदिने हुँदाहुँदै पनि आफैंले केन्द्रीय कार्यसमितिको बैठकलाई सम्बोधन गर्दै आफू उम्मेदवार नहुने घोषणा सो आगामी महाधिवेशन सम्पन्न गर्न उपसभापति पूर्णबहादुर खड्कालाई कार्यकारी सभापतिको जिम्मेवारी तोकेर बिदा भए ।

‘जेन-जी’ प्रदर्शनपछि भएको उथलपुथलसँगै फेरिएको घटनाक्रमले आफ्नो उत्तराधिकारी खडा गर्न नपाउँदै देउवाले पार्टी नेतृत्वबाट बिदा लिनुपऱ्यो । ‘जेन-जी’ प्रदर्शनले पछिल्लो परिस्थिति सिर्जना नगरेको भए एमाले-कांग्रेस

क्रमशः अन्तिम पृष्ठमा

# ओली–लेखकविरुद्ध जाहेरी : गृहमन्त्री–प्रहरी टकराव सतहमा

**काठमाडौं ।** मदन बुढाको अनसन तोडाउन सोमबार मध्याह्न माइतीघर पुगेका गृहमन्त्री ओमप्रकाश अर्यालले आफू पीडितका लागि लडेको मान्छे भएको ठोकुवा गरेका छन् ।

सोमबार मध्याह्न मदन बुढाको अनसन तोडाउन माइतीघर पुगेका गृहमन्त्री ओमप्रकाश अर्यालले प्रहरीले जाहेरी दर्ता नगरेकोतर्फ संकेत गर्दै भने ‘न्याय माग्ने पीडितको अधिकार हो । पीडितले जुन संयन्त्रबाट गर्छु भन्छ, त्यही संयन्त्र क्रियाशील हुनेको हो । मैले यो सबैका लागि भनेको हो ।’ उनले आफू पीडितको अधिकारको लागि लडेको मान्छे भएको दावी समेत गरे । वर्तमान सरकारमा सुदूरपश्चिमको नेतृत्व हुनुपर्नेदेखि निवर्तमान प्रधानमन्त्री तथा नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओली, गृहमन्त्री तथा नेपाली कांग्रेसका नेता रमेश लेखक लगायतमाथि कारबाही हुनुपर्ने माग राखेर बुढा अनसन बसेका थिए ।

उक्त विषयमा जाहेर परिसकेको जवाफ दिँदै गृहमन्त्री अर्यालले प्रहरीले जाहेरी दर्ता नगरेकोतर्फ आक्रोश व्यक्त गरे । ‘जाहेरी परिसकेपछि केही असहज परिस्थिति आएको थियो । त्यो विषय समाचारमा पनि सुन्नुभएको होला । असहज परिस्थिति क-कसले ल्याए ?’ गृहमन्त्री आर्यालको भनाइ थियो ‘सरकार के चाहन्थ्यो, यहाँहरूलार्य थाहा छ । थाहा पाउँदै गर्नुहोला, इतिहासले यसको मूल्यांकन गर्छ ।’ निर्वतमान प्रधानमन्त्री केपी ओली र गृहमन्त्री लेखकविरुद्ध जाहेरी परेपछि जसरी पनि पक्राउ गरी कारबाही गरी छाड्ने तयारीमा रहेको आफूहरूलाई प्रहरी नेतृत्वले असहयोग गरेको गृहमन्त्री अर्यालको आरोप छ ।

उता जाहेरीअनुसार तत्काल पक्राउ गर्नुपरे आफू राजीनामा दिन समेत तयार भएको आईजीपी चन्दकुवेर खापुङले बताएका थिए । ओली र लेखकविरुद्धको जाहेरीपछि गृहमन्त्री अर्याल र प्रहरीबीच टकरावको सुरुवात भएको थियो । भदौ २३ र २४ मा भएको ‘जेन-जी’ आन्दोलनमा मृत्यु भएका युवा रसिक खतिवडालगायत चार परिवारको तर्फबाट यही असोज २० गते काठमाडौं जिल्ला प्रहरी परिसरमा जाहेरी परेको थियो ।

ओली र लेखकविरुद्ध मृतक ‘जेन-जी अगुवा’ सुदन गुरुङसहित पुगेका मृतक परिवारले मानवताविरुद्ध र राज्यविरुद्धको कसुरमा जाहेरी लगेका थिए । यस्तो जाहेरी आएपछि परिसरका प्रमुख तथा वरिष्ठ उपरीक्षक रमेश थापाले छलफल र आन्तरिक गृहकार्य गरे र जाहेरी लिने र गौरीबाहादुर कार्की नेतृत्वको उच्चस्तरीय जाँचबुझ आयोगमा पठाउने निर्णय भयो । प्रहरीले जाहेरी लिएपछि सोही रात ओली र लेखकलाई पक्राउ गर्न प्रहरी नेतृत्वलाई गृहमन्त्रालयबाट दबाब आयो । उनीहरूलाई

क्रमशः अन्तिम पृष्ठमा

# मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी)

## समय- सन्देश

लीलामणि पोखरेल

नेपाल र संयुक्त राज्य अमेरिकाबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ७५ वर्ष (सन् १९४८) भइसकेको छ । अमेरिकाका लागि नेपालसँगको कूटनीतिक सम्बन्ध निकै दूरगामी महत्त्वको रहेको कुरा अमेरिकी राज्यसत्तालाई राम्रोसँग थाहा थियो । त्यसैले सानो तथा गरिब मुलुक नेपाल भएर पनि कूटनीतिक सम्बन्ध स्थापना गर्नु र आर्थिक लगानी गर्नु आवश्यक मानिन्थ्यो । दुई फरक–फरक राजनीतिक प्रणाली भएका, विश्व राजनीति, अर्थ व्यवस्था, सुरक्षा प्रणाली र शक्ति सन्तुलनमा निकै महत्त्वपूर्ण प्रभाव पार्न सक्ने दुई ठूला देशहरूको बीचमा नेपालको अवस्थितिले रणनीतिक महत्त्व राख्दथ्यो ।

प्रथम विश्वयुद्धको समाप्तिसँगै समाजवादी रूसको उदय भयो । यसले उत्पीडित राष्ट्रहरु, स्वाधिनता एवम् स्वतन्त्रताको मुक्ति आन्दोलनमा सङ्लग्न राष्ट्र र जनता तथा आन्तरिक लोकतन्त्र तथा शोषण–उत्पीडनमा परेका जनताका निम्ति उत्साह र उत्प्रेरणा प्रदान गऱ्यो । युरोप, अमेरिका, एसिया तथा अन्य महादेश समेतका पुँजीवादी एवम् साम्राज्यवादी नीति अवलम्बन गरेका राष्ट्र र सत्ताका लागि नयाँ चुनौती खडा भयो । विश्व बिस्तारै पुँजीवादी र समाजवादी ध्रुवमा विभाजित हुन थाल्यो । द्वितीय विश्वयुद्धको समाप्तिसँगै युरोप र एसियाका कयौं देशहरूमा समाजवादी राज्यसत्ताको स्थापना भयो । सन् १९४९ को चिनियाँ क्रान्तिको सफलतासम्म आइपुग्दा विश्व सामन्ती तथा पुँजीवादी सत्ताविरूद्ध शक्तिशाली समाजवादी आर्थिक–सामाजिक रूपान्तरणको सङ्घर्षले तीव्रता पायो । विश्व स्पष्टरूपमा दुई ध्रुवमा विभक्त हुन थाल्यो र पुँजीवादी राष्ट्रहरूमा एक प्रकारको हडबडाहट

क्रमशःदोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फइको मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- ३१, अङ्क- १२, असोज ३१ गते शुक्रबार, २०८२

सम्पादकीय

# कांग्रेस सभापतिको शालीन प्रस्तुति

जेन-जी प्रदर्शनमा घुसेर तोडफोड, लुटपाट, आगजनी र विध्वंसमा उत्रिएको डफ्फाद्वारा आफ्नै निवासमा निर्घात कुटपिट, आगजनीद्वारा निवासको पूर्ण क्षति र 'पैसाको गोदाम' भेटियो भन्ने प्रचारबाजीका साथ निकै ठूलो अपमान र कानुनी झमेला व्यहोर्नुपर्ने अवस्थासम्मको हविगत भोगेका पूर्वप्रधानमन्त्री एवम् नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवाले गुप्तवासको उपचारपछि एक महिनाभन्दा लामो समयपछि सार्वजनिक जीवनमा देखा परेर शालीन, सभ्य, शिष्ट र मर्यादित व्यवहार प्रदर्शन गरे।

दुई कार्यकाल पार्टीको सभापति चलाइसकेका देउवाले पन्ध्रौं महाधिवेशनमार्फत नेतृत्व हस्तान्तरण गर्ने, आफू तेस्रो पटक सभापति बन्न प्रतिस्पर्धा नगर्ने घोषणा केही महिना अघि नै गरिसकेका थिए। तत्कालीन सरकारमा एमाले अध्यक्ष खड्गप्रसाद ओलीलाई समर्थन गरेर सहभागी भएको कांग्रेसका सभापति देउवा आलोपालो सहमतिका आधारमा केही महिनापछि ओलीलाई विस्थापित गरेर प्रधानन्त्री बन्ने 'लाइन' मा प्रतिक्षारत थिए। ठीक यही मेसोमा उल्लेखित हविगत व्होराका देउवाले सापेक्षित रूपमा पूर्वाग्रहरहित ढङ्गले कांग्रेसको बैठकलाई सम्बोधन गर्दै आफूले विश्राम लिएको र उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक सभापतिको जिम्मेवारी दिएको घोषणा गरे।

देउवाले देखाएको व्यवहारबाट काङ्ग्रेसको नेतृत्वपङ्क्ति, सदस्यहरू र समर्थक-शुभचिन्तक त भावुक बने नै; समग्र राजनीतिक वृत्तले समेत सराहना गऱ्यो। यसखाले राजनीतिक भद्रता सर्वत्र अपेक्षित छ।

## मिलेनियम च्यालेन्ज...

पैदा हुन थाल्यो। पुँजीवादी राष्ट्रहरूबीचमै पनि व्यापारिक क्षेत्र विस्तार एवम् शक्ति-अहङ्कारले तीव्रता लियो। चिनियाँ क्रान्ति (१९४९) पछि झन्डै-झन्डै विश्वको एक तिहाईभन्दा ज्यादा जनमत समाजवादी राज्य व्यवस्थाको हिमायती बन्यो। यसले पुँजीवादी खेमामा झन् ठूलो त्रास पैदा गरिदियो। आजभन्दा दुई सय वर्ष अगाडि फ्रान्सेली बादशाह नेपोलियन बोनापार्टले भनेको थिए- "चीन एउटा सुतिरहेको दैत्य हो, त्यसलाई सुतिरहन दिनुपर्छ; जब त्यो ब्युँझने छ, त्यसले विश्वलाई हल्लाइदिने छ।" सन् १९४९ मा ब्युँझिएको चीन एक्काईसौं शताब्दीको प्रारम्भदेखि नै विश्व पुँजीवाद एवम् साम्राज्यवादका लागि आर्थिक विकास, सैन्य शक्ति, प्राविधिक विकास र विश्व ध्रुवीकरणको स्थितिमा झन्डै अपराजेय शक्ति बनिरहेको छ र गम्भीर चुनौतीका रूपमा खडा भएको छ।

खास गरी सन् १९१७ पछि समाजवादी आन्दोलनको धुरीका रूपमा अगुवा राष्ट्र सोभियत रूस बन्यो। सन् १९४९ को चिनियाँ क्रान्तिपछि विश्वव्यापी रूपमा समाजवादी धाराको प्रभाव व्यापक रूपमा बढेर गयो। सन् १९५७ पछि रूस र चीनका बीचको सैद्धान्तिक विवादले समाजवादी खेमा विभाजित भयो। विश्व शक्तिको होडबाजीमा अमेरिका र रूसका बीच प्रतिद्वन्द्विता रहिरह्यो। त्यसले विश्वयुद्धको रूप लियो। थुप्रै देशहरूमा अमेरिका-रूसका बीच 'प्रोक्सी वार' भए तर रूस-अमेरिका आमने-सामने भएनन्। चीन-रूसबीचको सैद्धान्तिक विवादपछि आफ्नो आर्थिक विकास, राष्ट्रिय एकता र सुरक्षा व्यवस्था बलियो बनाउनेमा लाग्यो। सन् १९९० को दशकमा सोभियत युनियन (रूस) को विघटनपछि विश्व पुँजीवादी साम्राज्यवाद प्रतिरोधी शक्तिका रूपमा चीन बन्न पुग्यो। आजको भूमण्डलीय राजनीतिमा सन् २००० पछि चीन र अमेरिकाबीच प्रतिद्वन्द्विताको स्थिति देखा परेको छ। अमेरिका-रूसबीच शीतयुद्धको अवस्थामा अमेरिकी वा रूसी गुटमा सामेल हुन नचाहेका राष्ट्रहरूले सन् १९६१ मा असङ्लग्न आन्दोलनको सुरुआत गरेका थिए। नेपाल उक्त अभियानको प्रारम्भिक चरणमै सङ्लग्न रहेको हो। आज त्यो अभियान मृतप्रायः बन्न पुगेको छ। असङ्लग्न आन्दोलनकै लघु रूपमा आर्थिक विकासका लागि क्षेत्रीय सहयोग सञ्चालन गर्ने नाममा 'दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (South Asian Association of Regional Cooperation)- सार्क' नामक संस्था ८ डिसेम्बर, १९८५ मा निर्माण भएको हो। उक्त संस्था पनि असङ्लग्न आन्दोलनको एक संस्थापक राष्ट्र भारतको महत्त्वाकाङ्क्षा, क्षेत्रीय प्रभुत्ववादी आचरण तथा पाकिस्तानसँगको प्रतिद्वन्द्विताका कारण विघटनको सङ्घारमा पुगेको छ। भारतकै सङ्लग्नतामा, अमेरिकी नेतृत्वमा सन् २००७ मा चतुर्भजीय सुरक्षा सम्वाद (Quadrilateral Socurity Dialogue -क्वाड) तथा सन् २०१७ मा अमेरिकी विश्व सुरक्षा रणनीतिको उद्देश्य पूरा गर्न र चीन विरुद्धको घेराबन्दीका लागि 'हिन्द-प्रशान्त रणनीति' (Indo-Pacific Strategy - IPS) नामक अन्तर्राष्ट्रिय सैनिक गठबन्धन बनेको छ। आफ्नै संविधान, पञ्चशीलका सिद्धान्तमा आधारित परराष्ट्र नीति, असङ्लग्नता विपरीत नेपाल आईपीएसको सदस्य राष्ट्र बन्न पुगेको छ। सन् २०१८ को अन्त्यतिर नेपालले आईपीएसमा सङ्लग्नताको स्वीकृति जनाएको हो। आईपीएसको सदस्य बन्नुले नेपाल अमेरिकी ध्रुवमा तानिँदै गएको महसुस भएको छ। उत्तरतर्फ विशाल जनसङ्ख्या र विश्वकै शक्ति राष्ट्र बन्दै गएको विशाल चीन र पूर्व-पश्चिम तथा दक्षिणतर्फ महाशक्ति राष्ट्र बन्ने महत्त्वाकाङ्क्षा बोकेको विशाल जनसङ्ख्या र भूगोल भएको राष्ट्र भारतको बीचमा नेपालको अवस्थितिले भूमण्डलीय राजनीति र सुरक्षा रणनीतिका लागि शक्ति प्रयोगका निम्ति रणनीतिक महत्त्व राख्दछ। त्यसैले नेपालको भूगोल र यहाँका राजनीतिक शक्तिहरूलाई अनुकूलतामा लैजान अमेरिकाको तीव्र दबाव भइरहेको छ। तिनै दबावस्वरूप धम्की, प्रलोभन, 'सहयोग' कूटनीति, कूटनीतिक सम्बन्धमा पुनर्विचार, शान्ति प्रक्रिया बिथोल्नेसम्मका अशिष्ट गतिविधि भएको सहजै महसुस गर्न सकिन्छ। पुगनपुग तीन करोड जनसङ्ख्या भएको सानो देश, पछौटे अर्थतन्त्र, भूपरिवेष्ठित अवस्थाको बाध्यात्मक स्थितिमा सानो मुलुकमाथि ठूलो रणनीतिक दाउपेच गरेर सम्झौता गर्ने, द्वन्द्वको चेपुवामा पार्ने र पर्नुको कारण नै मिलेनियम च्यालेन्ज सम्झौताको गुह्य कुरा हो। चीन अमेरिकाका लागि मुख्य भूमण्डलीय प्रतिद्वन्द्वी बनेका कारण नै त्यसका विरुद्ध सङ्घर्षका लागि आधारभूमि निर्माण गर्ने र रणनीतिक भूमिका खेल्ने उद्देश्यले 'आर्थिक सहयोग' को माध्यमबाट आफ्नो अनुकूल बनाउन र रणनीतिक लक्ष्य हासिल गर्न तथा नेपाली भूमि दुरुपयोग गरेर चीन विरुद्धका गतिविधि गर्न तथा दक्षिणपूर्वी एसियामा निगरानी बढाउने केन्द्र बनाउने उद्देश्य रहेको देखिन्छ।

आज चीन र अमेरिकाबीच शीतयुद्धको अवस्था छ। त्यसैगरी, चीन र भारतका बीच पनि विवाद छन्। दुवै देशसँग नेपालको लामो सीमाना जोडिएको छ। चीनको बढ्दो शक्ति र तीव्र विकास तथा अन्तर्राष्ट्रिय क्षेत्रमा पनि बढ्दै गएको सम्बन्ध एवम् आर्थिक कारोबारले अमेरिकी अर्थतन्त्रमा समेत चुनौती खडा भएको छ। शक्तिको प्रतिस्पर्धा र एक-अर्काबीचका चेतावनीपूर्ण भाषा-अभिव्यक्तिले अमेरिका प्रतिस्पर्धात्मक बन्नुपर्ने स्थितिले चीनलाई घेराबन्दी गर्न लागिपरेको अवस्थामा 'हिन्द-प्रशान्त रणनीति (Indo-Pacific Strategy - IPS)' बनेको हो। चीन पनि महाशक्ति राष्ट्र बन्ने दिशामा छ भने भारतको पनि दक्षिणपूर्वी एसियामा महाशक्ति राष्ट्र बन्ने महत्त्वाकाङ्क्षा रहेको देखिन्छ। अमेरिकी नेतृत्वमा बनेको आईपीएसमा भारत, अष्ट्रेलिया र जापानले साथ दिएका छन्। अमेरिकी सुरक्षा रणनीतिमा बनेको आईपीएस मातहत भएका मिलेनियम च्यालेन्ज कर्पोरेसनबाहेक सोफा (Status of Force Agreement - SOFA), अक्सा (Acquisition and Cross Servicing Agreement - ACSA), एसपीए (State Partnership Agreement - SPA) र एसपीपी (State Partnership Programme - SPP) हुन्। 'सोफा' सम्झौता भएका मुलुकमा अमेरिकी सेनाले प्रयोग गर्न असीमित अधिकारहरु रहेका हुन्छन्। यसमा अमेरिकासँग सम्झौता गरेका मुलुकका सबै क्षेत्रमा अमेरिकी सेनाको आधिपत्य रहन्छ। त्यसैगरी, 'अक्सा' सम्झौतामा युद्ध सामग्री र अन्य बन्दोबस्तीका सामानको ओसारपसार गर्ने छुट रहन्छ। एमसीसी सम्झौता कथित अनुदान प्राप्त गरेर देशको अस्मिता लुटाउने र एसपीपी सम्झौतामा मुलुकभित्र विदेशी सेना राखेर देशको सार्वभौमिकता समाप्त पार्ने काम हुन्छ। त्यसमा कुनै खास मुलुकभित्र विदेशी सेनाको अखडा बनाएर अन्य मुलुकका विरुद्ध सैनिक जासुसी तथा युद्ध अभ्यास गरिन्छ। त्यही प्रकारको अभ्यास गर्न नेपालको सरकारले पनि अनुमति दिएको थियो। यसरी एमसीसीसँगको सम्झौतासँगसँगै राष्ट्रिय अस्मितामाथि आँच आउने सम्झौताको पासोमा नेपाल पर्दै गएको छ। त्यसैले राष्ट्रिय सार्वभौमिकता तथा अस्मिताका विरुद्ध हुने तथा भइसकेका सम्झौताले गर्दा देशको स्वाभिमान, आत्मनिर्णय गर्ने अधिकार र राष्ट्रिय सार्वभौमिकता कमजोर हुँदै गएको छ। सन् १८१६ मा भएको सुगौली सन्धिले देशको भूभाग टुक्रियो। सन् १९५० मा भारतसँग गरिएको सम्झौताले एकातिर असमानता देखिएको छ भने अर्कातिर उक्त सन्धिको धारा ८ (यसअघि ब्रिटिस सरकारसँग भएका सबै सन्धिहरु खारेज हुनेछन्) मा उल्लेखित प्रावधान लागू हुन सकेन। त्यस्तै अरू पनि असमान सन्धिहरु भएका छन्। एमसीसी यस्ता अपमानजनक सम्झौताको पछिल्लो कडी हो।

एमसीसी सम्झौताका हिमायतीहरु भन्ने गर्छन्- आजको खुला बजार अर्थतन्त्रको समयमा नवउदारवादी अर्थव्यवस्था अङ्गीकार नगरिकन मुलुकको आर्थिक स्थितिको सुधार वा समृद्धि हासिल गर्न असम्भव छ। त्यसैले यो नीति लागू गर्नु अनिवार्य छ। त्यसैले यस्ता सम्झौताहरूमा दाताका सर्तहरु स्वीकार्नु अनिवार्य हुन्छ। विश्व साम्राज्यवादले आज शोषणको नयाँ रूप अङ्गीकार गरेका पुँजीवादी-साम्राज्यवादीहरूले उदार अर्थतन्त्रको वकालत गर्दा गर्दै आफ्नो मुलुकमा संरक्षणवादको नीति लागू गर्न थालेका छन् तर अरूमा भने राजनीतिक-आर्थिक क्षेत्रमा हस्तक्षेपकारी नीति अख्तियार गरेर उपनिवेशीकरण गरेका छन्।

एमसीसीसँगको सम्झौताका सम्बन्धमा यसको विरोधलाई निस्तेज पार्न 'बीचको बाटो' भनेर भियना कन्भेन्सन, १९६९ को दफा ३१ को आधारमा 'व्याख्यात्मक घोषणा' संसद्‌बाट पारित गरेर सम्झौता पारित गरिएको थियो। 'व्याख्यात्मक घोषणा' ले सम्झौताकारी पक्षले सम्झौतालाई अनुभूत गर्ने बाहेक अर्को केही अर्थ राख्दैन किनकि त्यसको कानुनी हैसियत प्राप्त गर्न दुवै पक्षको सहमति आवश्यक हुन्छ। एमसीसी सम्झौतामा त्यस्तो हुन सकेन। अमेरिकी पक्षले 'व्याख्यात्मक घोषणा' लाई कुनै मान्यता दिएको छैन; अपितु, संसद्‌बाट सम्झौता (जस्ताको तस्तै) पारित गरिएको विषयलाई मात्र स्वीकार गरेको छ।

अन्त्यमा, सम्झौताका सम्बन्धमा मुलुकको संविधान, कानुन, अन्तर्राष्ट्रिय सम्बन्ध नीति, आन्तरिक शासन व्यवस्था र सिद्धान्त, देशभित्रको सामाजिक सम्बन्ध, राष्ट्रिय अर्थव्यवस्था तथा आर्थिक नीतिमा पार्ने प्रभाव, आर्थिक नियम-विधि, मुलुकको सुरक्षा र सार्वभौमिकता, राज्य सञ्चालनका संरचना, राष्ट्रको अस्मिता आदिकै विरुद्धमा लादिएको तथा थुप्रै प्रावधानहरु राष्ट्रिय हितविपरीत देखिएकाले सम्झौताको नियत नै राष्ट्रिय हित प्रतिकूल भएको कुरा उजागर गर्ने प्रयत्नस्वरूप यस सामग्रीलाई पुस्तकाकार स्वरूप दिइएको हो। सम्झौताले बोकेको तर लुकेको कुरा नै सम्झौताको मूल उद्देश्य हो। तिनै कुरा उजागर होउन् भन्ने चाहनास्वरूप यो प्रयत्न गरिएको हो। यहाँ एउटा पक्ष प्रस्तुत गरिएको छैन, त्यो हो- नेपाली भूमिमा लुकेको अत्यन्तै महत्त्वपूर्ण खनिज पदार्थ युरेनियमको भण्डारमा पनि अमेरिकाले आँखा गाडेको छ। मलाई थाहा छ, पुस्तक प्रकाशित भएपछि केहीले भन्नेछन्- 'विकास विरोधी अन्धराष्ट्रवादी सोच।' अथवा, भन्नेछन्- 'विदेशी लगानी विना देशको समृद्धि कसरी सम्भव छ ? र, समृद्धि विनाको देशको औचित्य के ?' हामीलाई के विश्वास छ भने राष्ट्रिय अस्मिता बेचेर 'विलासितापूर्ण' जीवन जिउनुभन्दा स्वाभिमानी मृत्यु गौरवपूर्ण हुन्छ। राष्ट्रको विकास आयातीत सम्पत्तिबाट भन्दा आफ्नै स्रोत परिचालन, प्रविधिको आयात, राष्ट्रनिर्माणमा जनसहभागिता, आन्तरिक पुँजीको व्यवस्थापन, पारदर्शिता, भ्रष्टाचार शून्यता, प्रतिबद्ध राष्ट्रिय सरकार, वस्तुगत योजना तर्जुमा आदिबाट मात्र सम्भव छ। एमसीसीका पक्षधरहरूले अझ अगाडि बढेर भन्न सक्छन्- 'नवउदारवाद आजको आर्थिक विकासका लागि विश्वव्यापी जीवनश्रृङ्खला हो, त्यसबाट अछुतो रहन सकिँदैन।' तर, त्यसको एउटै उत्तर छ- राष्ट्रिय स्वाधिन अर्थतन्त्रको विकास विनाको समृद्धिको अपेक्षा उपनिवेश स्वीकार्नु नै हुन्छ। एमसीसी सम्झौताले आधुनिक उपनिवेशवादी नीति अख्तियार गरेको छ। गतकालमा कतिपय मुलुकसँग गरिएका सम्झौताहरूबारे टिप्पणी हुँदा सम्झौताकारी पक्षले 'राष्ट्रिय हितमा भएको' भन्ने स्पष्टीकरण दिइरहँदा कालान्तरमा त्यस्ता सम्झौता राष्ट्रिय हित प्रतिकूल ठहरिएका छन् र देशले नै पछुताउनुपर्ने अवस्था आइपरेको छ। एमसीसी सम्झौताका सम्बन्धमा पनि पक्ष र विपक्षको विवाद, राष्ट्रिय हित र अहितको कुरामा देश विभाजित भइरहँदा पनि संसद्‌बाट पारित हुनुले सिक्किमको बिलय पनि त्यहाँको संसद्‌ले नै गरेको थियो भन्ने सम्झनालाई ताजा गराउँछ।

### एमसीसीसँगको सम्झौता के हो, के होइन ?

संयुक्त राज्य अमेरिका यतिबेला विश्वको प्रथम शक्तिराष्ट्र बनेको छ। नवउदारवादी अर्थव्यवस्था अँगालेको अमेरिकाले विश्वव्यापीरूपमा आफ्नो प्रभुत्व र एकाधिकार कायम राख्न चाहन्छ। त्यसका लागि सबै प्रकारका शक्तिको प्रयोग गर्न कुनै हिच्किचाहट देखिँदैन। विभिन्न मुलुकहरूमा सहायता र लगानी गर्नुका खास उद्देश्यहरु रहेका हुन्छन्। द्विपक्षीय सम्बन्ध र स्वार्थविहीन मैत्रीपूर्ण सहयोगको आदान-प्रदान निर्विवादित हुन्छ। त्यसलाई प्रोत्साहन गर्नु सम्बन्धको प्रगाढताका लागि उपयोगी नै मानिन्छ। तर, भूमण्डलीय राजनीति र गुटबन्दी तथा सैनिक गठबन्धनको उद्देश्य राखेर गरिने सहायता एवम् लगानीसम्बन्धी प्रस्ताव तथा सम्झौताहरु दीर्घकालीनरूपमा राष्ट्रका निम्ति हानिकारक मानिन्छन् र हुन्छन्। नेपालको एमसीसीसँगको सम्झौता त्यसैको ज्वलन्त नमूना हो।

संयुक्त राज्य अमेरिकाको अन्तर्राष्ट्रिय क्षेत्रमा लगानी एवम् सहायता प्रदान गर्ने संस्था सहश्राब्दी चुनौती नियोग (Millennium Challenge Corporation-MCC) र नेपाल सरकारका बीच १४ सेप्टेम्बर, २०१७ (२०७४ भदौ २९) मा सम्झौता (समझदारीपत्र/करारपत्र) मा हस्ताक्षर भयो। नेपाल सरकारका तर्फबाट तत्कालीन अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की र एमसीसीका तर्फबाट निमित्त कार्यकारी प्रमुख जोनाथन जी नाशले हस्ताक्षर गरेका हुन्। उक्त सम्झौता अनुसारको सहायता रकमको राशि ५० करोड अमेरिकी डलर रहेको छ। सम्झौताअनुसार सञ्चालित हुने परियोजनामा नेपाल सरकारका तर्फबाट १३ करोड डलर बराबरको रकम पूरक धनराशिका रूपमा राख्नुपर्ने सहमति छ। सम्झौता अनुसार सहायता रकम र त्यसमा राज्यले ब्यहोर्ने पूरक धनराशि दुईवटा क्षेत्रमा खर्च गरिनेछ। प्रारम्भमा पूर्व-पश्चिम राजमार्गबाट जिल्ला सदरमुकामहरु तथा महत्त्वपूर्ण रहेका व्यापारिक केन्द्रसम्म सडक विस्तार गर्न पाँचवटा सडक विस्तार गर्ने तथा ४०० केभी (किलो भोल्ट) को ३०६.७ किलोमिटर लामो डबल सर्किट अर्थात् ६१३ किमि जति ओहोरदोहोर (डबल सर्किट) हुने प्रशारणलाइन बनाउने सम्झौता भएको छ। यस्तै, अन्य सम्झौता गरेर नेपाललाई आफ्नो अनुकूलतामा प्रयोग गर्न सकिने दूरगामी प्रभाव पार्ने रणनीति यस सम्झौतामा देखिन्छ।

सरसर्ती हेर्दा नेपाल एक गरिब, पछौटे अर्थतन्त्र भएको

क्रमशः चौथो पृष्ठमा

# एमाले केन्द्रीय कमिटी बैठक : बिहीबार कसले के भने ?

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले) जावलाखेलको रामवाघ महलमा बुधबारदेखि जारी केन्द्रीय कमिटी बैठकको दोस्रो दिन पनि अध्यक्ष केपी शर्मा ओलीले प्रस्तुत गरेको राजनीतिक प्रतिवदेनमाथि नेताहरूले धारणा राख्ने क्रम जारी रह्यो ।

बैठकमा अध्यक्ष ओलीलाई निरन्तरता दिने कि विकल्प खोज्ने भन्नेमा मिश्रित धारणाहरू व्यक्त भएका हुन् । बैकमा बोल्ने कतिपय केन्द्रीय सदस्यले ओलीको विकल्प खोज्नु नहुने बताएका छन् भने कतिले नयाँ परिस्थितिमा ओलीलाई अध्यक्ष बनाएर लैजान गाह्रो पर्ने तर्क गरे । एमाले केन्द्रीय सदस्य भीमबहादुर केसीले अध्यक्षमा ओलीको विकल्प नभएको भन्दै अध्यक्षमा आकांक्षीले महाधिवेशनका लागि तयार रहन भनेका छन् । उनले एमालेको शक्ति मैदानबाट देखाउन समेत नेतृत्वलाई आग्रह गरे ।

अर्का नेता भुपलाल कार्कीले एमालेबाट निर्वाचित जनप्रतिनिधिको व्यवहारका कारण आम जनता र कार्यकर्ता निराश भएको बताए । 'यो परिस्थितिको सिर्जना हुनुमा हामी र हाम्रो अपारदर्शीता हो' भन्दै उनले अब जनतासँग सुध्रिने प्रतिबद्धता गर्दै अघि बढ्नुपर्नेमा जोड दिए । बैठकमा भागवत विश्वासीले अध्यक्ष ओलीको प्रस्तावप्रति पूर्ण समर्थन गरेका छन् । उनले प्रतिगमनलाई परास्त गर्दै अघि बढ्न समेत नेतृत्वलाई सुझाव दिए भने भगवती न्यौपानेले अध्यक्षले मात्रै नभई सबैले आ-आफ्नो ठाउँबाट आत्मालोचना गर्नुपर्ने तर्फ गरिन् ।

यस्तै नवीना लामा र पर्शुराम अधिकारीले विद्यादेवी भण्डारीको सदस्यता नवीकरण गर्नुपर्ने बताए । ओलीको विकल्प खोज्नु गलत भएको बताएका नेता विनोद शाहले एमालेले अबको आन्दोलनमा कांग्रेसलाई पनि साथमा लिनुपर्नेमा जोड दिए र । नेता बलराम अधिकारीले सामाजिक सञ्जालमा पार्टी विरुद्ध लेख्न नेताहरूका आ-आफ्ना छोराछोरी कन्ट्रोल र कन्भिन्स गर्नुपर्ने धारणा व्यक्त गरे । बैठकमा दाला लामाले अहिलेको दशा बाजा बजाएरै आएको हुँदा सबैले बेलैमा थाहा पाएर जोगिनुपर्ने तक गरे भने सुरेन्द्र मानन्धरले वर्तमान अवस्था आउनुका तत्कालीन ओलीको कमजोरी भएको तर्क गरे । ओलीलाई लक्षित गर्दै उनले दुईतिहाइको शक्तिशाली सरकार भएर पनि हेलिकोप्टर चढ्नुपर्ने अवस्था आएको उनको भनाइ थियो ।

प्रकाश शाहले अहिलेको परिस्थिति स्वयम अध्यक्ष ओलीकै कारण सृजना भएको हुँदा त्यागका लागि तयार रहन भनेका छन् भने अर्का नेता पेमा लामाले ओलीको विकल्प खोज्न नहुने बताए । लामाले २३ गतेको 'जेन-जी' आन्दोलनमा नेतृत्वबाटै खिल्ली उडाएपछि उग्र रूप लिएको बताए भने शाहले केपीको विकल्प केपी नै भएको दावी गरे । नेता दिवाकर देवकोटा र प्रभा बरालले विद्यादेवी भण्डारीको सदस्यता नवीकरण गर्नुपर्ने बताएका छन् । ओलीलाई अभिभावक भएर बस्न र विद्यादेवी भण्डारीलाई पार्टी सदस्यता नवीकरण गरेर ल्याउन आग्रह गरेका छन् । ओलीलाई अभिभावक भएर बस्न विद्यादेवी भण्डारीलाई पार्टी सदस्यता नवीकरण गरेर ल्याउन आग्रह गरे भने रवीन्द्र अधिकारीले सबै पार्टीसँग एमालेको सम्बन्ध किन बिग्रियो गम्भीर हुनुपर्नेमा जोड दिए । अर्का नेता रमेश बडालले महाधिवेशन चैत वैशाखको समयमा सार्नु उपयुक्त हुने बताए 'पार्टीलाई पुनर्गठन गर्ने गरी अघि बढौं । श्वेत पत्र जारी गरौं' नेता पौडेलले बताए ।

# विशेष महाधिवेशन नभए विशेष महाधिवेशनमा जान माग

**काठमाडौं ।** नेपाली कांग्रेसको बिहीबार बसेको केन्द्रीय समिति बैठकमा विशेष महाधिवेशनको माग गरेर हस्ताक्षरसहित पार्टीमा दर्ता भएको जानकारी गराइएको छ । कार्यवहाक सभापति पूर्णबहादुर खड्काले सोबारे जानकारी दिएका हुन् । खड्काको भनाइ उद्धृत गर्दै एक केन्द्रीय सदस्यले भने- 'महाधिवेशन प्रतिनिधिले मंसिरभित्र महाधिवेशन नभए विशेष महाधिवेशन गर्नका लागि माग गरेर हस्ताक्षर बुझाउनुभएको छ । सकभर विशेष महाधिवेशनमा जाने अवस्था नहोस् पार्टीभित्र तिक्तता नहोस् ।' ती सदस्यले त्यसपछि महामन्त्री गगन थापाले बैठक सकिँदासम्म नियमित महाधिवेशन कार्यतालिका पास हुन्छ, विशेष महाधिवेशनको बहस सकिने बताएका थिए । बैठकमा एजेन्डा प्रस्तुत गर्दै महामन्त्री थापाले विशेष महाधिवेशनका मागकर्ताहरूले नै समयमा महाधिवेशन हुने अवस्थामा नियमित महाधिवेशन नै भनेको बताए ।

'विशेष महाधिवेशनका लागि विधानमा व्यवस्था भएबमोजिम पार्टीमा महाधिवेशनको माग राख्दै हस्ताक्षर बुझाउनुभएको छ । यो दर्ता भएको पत्रमा विधानबमोजिम आवश्यक अध्ययन गरेर प्रक्रिया अगाडि बढाइनेछ' महामन्त्री थापाको भनाइ उद्धृत गर्दै ती केन्द्रीय सदस्यले भने 'तर, मलाई विश्वास छ, विशेष अधिवेशनका मागकर्ता साथीहरूले मंसिर मंसान्तभित्रमा नियमित अधिवेशन हुनुपर्छ भन्ने विषय मुख्य हो भन्नुभएकाले यो बैठक टुंगिने बेलासम्म हामी नियमित महाधिवेशन समयमै गर्ने समझदारीमा पुग्नेछौं ।' महामन्त्री थापाले नियमिति महाधिवेशनको कार्यतालिका आएपछि समझदारीमा विशेष महाधिवेशन आवश्यक नभएको निर्णय हुने बताए । 'त्यस्तो अवस्थामा हाम्रो समझदारीमा नै विशेष महाधिवेशन आवश्यक नरहेको निर्णयमा हामी पुग्नेछौं' महामन्त्री थापाले भने ।

यस्तै, केन्द्रीय सदस्य देवेन्द्र कँडेलले नियमित महाधिवेशन गर्नुपर्ने बताए । उनले संसद पुनर्स्थापना गर्न अदालत जान नहुने तर कानुनी लडाइँ चाहिने भन्दै उनले पार्टी आफैं अदालत जानेभन्दा अदालतबाट आएको फैसलाको सम्मान गर्नुपर्नेमा जोड दिए । बैठकमा अर्का केन्द्रीय सदस्य मोहन बस्नेतले एक महिनामा केही उपलब्धि नहुने बताएका थिए । 'आफैं आदेश दिने हस्ताक्षर गर्ने गलत हो' भन्दै उनले 'जेन-जी'को कुरा गर्ने तर पुरानाहरूबीच नै अधिवेशन गर्ने सुहाउँछ ? नयाँ आउन नदिने अनि नयाँ भन्ने ?'

अर्का, केन्द्रीय सदस्य गुरु बरालले संसद विघटन असंवैधानिक रहेको बताए । हस्ताक्षर अभियालगायत गतिविधिबाट विभाजनको सन्देश आएको र महामन्त्रीहरूले एकताको भन्दै उनले महामन्त्रीहरूले आजै एकताको दिनुपर्ने बताए ।

# राष्ट्रियता र लोकतन्त्रमा कांग्रेसले कसैसँग सम्झौता गर्दैन : देउवा

**काठमाडौं ।** नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले राष्ट्रियता र लोकतन्त्रका पक्षमा कांग्रेसले जुनसुकै कालखण्डमा कसैसँग कुनै सम्झौता नगरेको दावी गरेका छन् । कांग्रेस केन्द्रीय कार्यसमितिको मंगलबार बसेको बैठकमा उनले जुनसुकै बालखण्डमा पनि देशमा उत्पन्न विषम परिस्थितिलाई ठीक ढंगले पहिचान गर्ने र मुलुकलाई जटिलताबाट सहजतातर्फ पुऱ्याउने कांग्रेस विशेषताले नै पार्टीलाई सदैव जनताको प्यारो पार्टीका रूपमा स्थापित गरिरहेको उल्लेख गरेका हुन् ।

'जेन-जी' आन्दोलनका क्रममा सांघातिक हमलामा परी घाइते भएका उनले लोकतन्त्र प्राप्तिको संघर्षमा होस् वा देशमा भएका सबै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणको आन्दोलन होस्, सदैव सही एजेण्डा तय गरी देशलाई उचित गन्तव्यमा पुऱ्याउन कांग्रेस सफल भएको दावी गरे ।

'अहिले हामी केन्द्रीय कार्यसमितिको बैठक गरिरहँदा देशभित्र र विश्वभरी फैलिएर रहेका नेपाली दाजुभाइ तथा दिदीबहिनीसहित संसारको आँखा यो बैठकतर्फ आकृष्ट भएको मैले अनुभूति गरेको छु' उनले भने 'त्यसैले पनि हामीले समसामयिक राजनीतिको सही विश्लेषण गरेर मुलुकलाई उचित निकास दिने गरी निर्णय गर्न आवश्यक छ । यस बैठकबाट कांग्रेसले आफ्नो इतिहासमा आर्जित विश्वनियतालाई पुर्नपुष्टि गर्नुपर्दछ ।'

मुलुकको यो विषम अवस्थामा तोडफोड, लुटपाट र आगजनी गरी खरानी भएर भग्नावशेषको रूपमा बाँकी रहेको केन्द्रीय कार्यालयमा बैठक बसिरहेको उल्लेख गर्दै उनले यसले पक्कै पनि सबैलाई स्तब्ध बनाएको उल्लेख गर्दै भने 'म सबैभन्दा पहिले भदौ २३ र २४ गतेको घटनामा परी ज्यान गुमाउनु हुने सबैमा श्रद्धाञ्जली व्यक्त गर्दछु । दुःखको यस घडीमा शोकाकूल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु । घटनामा घाइते हुनुभएका सबैको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।'

भदौ २३ गते 'जेन-जी'को शान्तिपूर्ण प्रदर्शनको क्रममा घुसपैठ भएको र प्रदर्शनले अर्कै रूप लिँदा निर्दोष नवयुवकहरूको ज्यान गएको भन्दै उनले उक्त घटनाले आफूलाई मर्माहित बनाएको बताए । उनले गत भदौ २४ गते बिहानैदेखि राष्ट्रपति भवन, सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालत, विभिन्न मन्त्रालयलगायत राजनैतिक दलका विभिन्न कार्यालयहरू, नेताहरूको निजी घर डेरा, सञ्चार गृहलगायत व्यावसायिक तथा व्यापारिक प्रतिष्ठानहरूमा आक्रमण, तोडफोड, लुटपाट र आगजनी गरिएको अकल्पनीय घटनाको निन्दा गरे । यसबाट जनधनको अपूरणीय क्षति भएको र सम्भवतः यो नेपालको इतिहासमै एउटा डर लाग्दो दिनका रूपमा लिपिबद्ध हुने उनको भनाइ थियो ।

केन्द्रीय कार्यालयसहित ४८ जिल्लाका कांग्रेस पार्टी कार्यालय र करिब एक सय २५ जना नेता साथीहरूको निजी घर र डेरामा आक्रमण, तोडफोड, लुटपाट र आगजनी गरिएको सभापति देउवाले जानकारी गराए । नेपालको प्रजातान्त्रिक क्रान्ति, संघर्ष र आन्दोलनका ऐतिहासिक स्थानका रूपमा परिचित विराटनगरस्थित कोइराला निवास, काठमाडौं चाक्सीबारीस्थित गणेशमानसिंह निवास र ललितपुर बाँडेगाउँस्थित सन्त नेता कृष्णप्रसाद भट्टराईको आश्रम पनि जलाएर खरानी बनाइएको घटनाले झन मर्माहत बनाएको भन्दै उनले नागरिकको जीउधनको सुरक्षा गर्ने जिम्मेवारी बोकेका सुरक्षाकर्मीको हुर्मत लिने, हातहतियार लुट्ने र नागरिकको निजी सम्पतिमाथि तोडफोड लुटपाट र आगजनी गरिएको बताए । यी दुवै दिनका घटनाको सत्यतथ्य छानबिन गरी दोषीलाई कानुनी कारबाहीको दायरामा ल्याउनुपर्ने देउवाको माग थियो ।

भदौ २४ गतेको कठिन अवस्थामा महत्त्वपूर्ण भुमिका खेल्नु भएकामा राष्ट्रपति पौडेललाई बैठकमार्फत धन्यवाद दिँदै देउवाले त्यो प्रतिकूल समयमा पौडेलको परिपक्व भूमिकाले मुलुकमा देखा पर्नसक्ने अर्को संकट टरेको बताए । यो अकल्पनीय एवं अमानवीय र त्रासदिपूर्ण रूपमा भएको घटना आकस्मिक वा स्वतस्फूर्त भन्दा पनि सुनियोजित र योजनाबद्ध नै थियो भन्ने कुरा घटनापछि बाहिर आइरहेका तथ्यहरूले पुष्टि गर्न थालेका सभापति देउवाले बताए ।

सो अकल्पनीय एवं अमानवीय र त्रासदिपूर्णरूपमा भएको घटना आकस्मिक वा स्वतस्फूर्त भन्दा पनि सुनियोजित र योजनाबद्ध नै थियो भन्ने कुरा घटनापछि बाहिर आइरहेका तथ्यहरूले पुष्टि गर्न थालेका सभापति देउवाले बताए । यसको यथाशीघ्र थप अध्ययन अनुसन्धान गरिनुपर्ने र यो अनुसन्धान कसैलाई तत्कालीन नाफा घाटाभन्दा पनि मुलुकको सर्वोपरी हितलाई केन्द्रमा राखेर अघि बढ्नुपर्ने देउवाको भनाइ थियो । देशमा सबै महत्त्वपूर्ण अंगहरूको मनोबल गिरेको अवस्थामा देशका सबै अंग वा निकायको मनोवल उच्च राख्ने गरी काम गर्नुपर्ने र अदालत, सुरक्षा निकायलगायत सबै निकायलाई उच्च मनोवल साथ काम गर्न आह्वान गरे । देशमा संकट उत्पन्न भएको वर्तमान अवस्थामा हाम्राबीचमा विद्यमान व्यक्तिगत वा समूहगत मतभेद, द्वन्द्व, असहमति सबैलाई थाँती राखेर एकताबद्ध हुनुपर्नेमा जोड दिँदै उनले हाम्रा बीचमा व्यक्तिगत वा समूहगत रुचि-अरुची, हित-अहित वा लाभहानीका सबै विषय गौण भएको भन्दै साथीहरूलाई विषयवस्तुमा व्यापक छलफल गर्न, एकमतका साथ निर्णयमा पुग्न र ठोस् ढंगले निर्णयको कार्यान्वन गर्न आग्रह गरे ।

सरकारले आगामी फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन गर्ने मिति तोकेको बताउँदै उनले स्वतन्त्र, निष्पक्ष र भयरहित निर्वाचनको वातावरण तयार हुनुपर्नेमा जोड दिए । 'निर्वाचनका लागि आवश्यक शान्ति सुरक्षा सुनिश्चित गर्ने र शान्तिपूर्ण निष्पक्ष एवं भयरहित वातावरणमा निर्वाचन सम्पन्न हुन्छ र सबैले स्वतः स्फूर्तरुपमा निर्वाचनमा भाग लिने अवस्था निर्माण हुन्छ भन्ने कुराको सुनिश्चिता गराउने जिम्मा सरकारको हो' उनले भने ।

आफू किशोर अवस्थादेखि नै राष्ट्रियता, लोकतन्त्र, विधिको शासनका लागि अनवरत रूपमा सघर्षमा रहेको उल्लेख गर्दै उनले ठ'म लोकतन्त्रका निमित्त राजनीतिमा होमिदा अहिलेको जस्तो सरल र सहज अवस्था थिएन । धेरै खालका दुःख, कष्ट, जेलनेल खाएर आएको व्यक्ति हुँ । सांसद, मन्त्री, प्रधानमन्त्री वा कांग्रेसको सभापति हुने ध्येयका साथ राजनीतिमा लागेको पनि होइन । मन, वचन र कर्ममा एकै उद्देश्य थियो, राष्ट्र, राष्ट्रियता र लोकतन्त्र' उनले भने ।




# मिलेनियम च्यालेन्ज...

भूपरिवेष्ठित मुलुक हो । यसको अधिकाङ्श भूभाग पहाडी छ । पुरानो प्रविधिमा निर्मित, कमजोर संरचनाका सडक भएकाले आवागमन तथा ढुवानीमा केही जटिलता छ । त्यसैले ठूला र फराकिला सडक हुनु राम्रो कुरा हो । त्यसैगरी, जलस्रोतको धनी देश नेपाल (प्रतिव्यक्ति उपभोग गर्न सक्ने क्षमतामा) रहेको र जल उपयोग तथा जलशक्तिबाट उत्पन्न गर्न सकिने विद्युत्को सम्भावित क्षमता, आन्तरिक उपभोग र विकासका लागि पर्याप्त भएर पनि अधिक हुने हुँदा विद्युत् उत्पादन गरेर अतिरिक्त विद्युत् तथा पानी अभाव र आवश्यकता भएका छिमेकी मुलुकलाई आपूर्ति गर्न (बेच्न) सक्ने हैसियत रहेकोबाट यथेष्ट धन आर्जन गर्न सक्ने अवस्थाको, ठीक नीति रहेमा मुलुकको समृद्धिमा टेवा पुग्ने सम्भावना भएको अवस्थामा विद्युत् उत्पादन गरेर विदेशी राष्ट्रसम्म उत्पादित विद्युत् पुऱ्याउन विद्युत् हिंडाउने बाटो– प्रशारणलाइन (transmission line) सहज भएन भने उत्पादित बिजुली खेर जान्छ । त्यसैले ४०० किलो भोल्टको प्रशारण लाइन अमेरिकाले सित्तैंमा पाँच वर्षभित्रै बनाइदिएर भारतलाई बेच्न पाउने भएपछि नेपाललाई लाभैलाभ भई देश धनी हुने भनेजस्तो देखिन्छ । सम्झौताकारी पक्ष यस्तो सम्झौता गर्नु अत्यन्तै राम्रो भएको छ, अमेरिकाबाट यत्रो ठूलो धनराशि सित्तैंमा पाउनु ठूलो सौभाग्य हो भन्ने पक्षले नेपाल आफैंले रोजेको आयोजनाका लागि अनुदान दिनु अमेरिको ठूलो सद्भाव रहेको भन्दै प्रशंसा एवम् अमेरिकी सहायताको गुणगान गाउने गरेका छन् । त्यसैगरी, अर्कोतर्फ एमसीसीसँगको यो सम्झौता–नेपालको दूरगामी भविष्यका निम्ति असाध्यै घातक छ, यसले नेपालको सार्वभौकिकता र आत्मसम्मानमा ठूलो आघात पुऱ्याएको छ । नेपाल एक उपनिवेश राष्ट्रका रूपमा रहने छ । विकास भ्रामक कुरा हो । नेपालको संविधान, कानुन र सम्प्रभुता समेत धरापमा पर्नेछ भन्नेजस्ता अति समवेदनशील अभिव्यक्ति आइरहेका छन् ।

आखिर एमसीसी र त्यससँग नेपालले गरेको सम्झौता के हो त ? त्यसको नालीबेली छुट्याउँदा विश्व राजनीतिको शक्तिसन्तुलन र ध्रुवीकरणको ऐतिहासिक पृष्ठभूमि आकर्षित हुन्छ । त्यसैले यो भूमण्डलीय राजनीति, शक्ति–प्रतिस्पर्धा, प्रभाव क्षेत्रको विस्तार र त्यसको द्वन्द्वमा नेपालको रणनीतिक अवस्थितिमा नेपालका राजनीतिक शक्तिहरूको उपयोगको चक्रव्युहमा फसेको नेपालको भविष्य नै सम्झौताको लक्ष हो । यस सम्बन्धमा भए–गरेका आधार, पृष्ठभूमि, सम्बन्ध र परिणामबारे विवेचना गर्ने प्रयत्न गरिएको छ ।

**सम्झौताको पृष्ठभूमि : एमसीसी संस्थाको निर्माण**

**क) चीन, अमेरिकाका लागि प्रतिस्पर्धी शक्तिः** सन् २००० सम्म आइपुग्दा सोभियत युनियनको विघटन पछाडि संयुक्त राज्य अमेरिकाको एकध्रुवीय शक्ति–दौडले वर्चश्व लिइरहेका बेला चीनको आर्थिक, सैनिक एवम् प्रविधि विकासले एकध्रुवीय शक्तिमा एउटा चुनौती खडा भैसकेको थियो । त्यो चुनौती खासगरी अमेरिकी शक्तिको प्रतिस्पर्धी बनिसकेको र विश्व पुँजीवादी ध्रुवका लागि अपराजित शक्तिका रूपमा देखिँदा अमेरिका भयग्रस्त बनेको थियो । चीनको व्यापारिक एवम् कूटनीतिक सम्बन्ध दोस्रो एवम् तेस्रो विश्वका राष्ट्रहरूबीचको बढ्दो सामिप्यताले विश्व राजनीतिमा नयाँ आयामको प्रारम्भ भैसकेको छ । महाशक्ति राष्ट्रका रूपमा रहेको सोभियत युनियनको विघटनका कमजोरीमा सतर्क हुँदै विश्व समाजवादी खेमाको र साम्राज्यवादबाट उत्पीडित राष्ट्रको समेत चीनले अगुवाई गरेको अवस्था थियो ।

**ख) जुम्ल्याहा भवनमाथिका घटनापछि अमेरिकी सुरक्षा व्यवस्थामा परिवर्तनः** सन् २००० पश्चात संयुक्त राज्य अमेरिकाका तत्कालीन राष्ट्रपति जर्ज डब्लु बुस (जुनियर) प्रशासनद्वारा चिनियाँ बढ्दो शक्तिको आँकलन गर्दै विश्व सम्बन्धमा नयाँ रणनीतिक आयाम दिने योजना बनाइरहेका बेला ११ सेप्टेम्बर, २००१ मा न्युयोर्कमा जुम्ल्याहा भवनमाथि मुस्लिम आतङ्कवादी भनिएका बिन लादेनको आत्मघाती दस्ताको जबर्जस्त हवाई हमलाले अमरिकी सुरक्षा व्यवस्था र अर्थतन्त्रलाई नराम्रोसँग हल्लाइदियो । त्यस बेलादेखि अमेरिकी सरकारले आफ्नो सुरक्षा व्यवस्थालाई मजबुत पार्ने निहुँमा अमेरिका र अमेरिकासम्बद्ध राष्ट्र र गठबन्धनविरोधी तथा आलोचक राज्यहरु र आन्दोलनलाई आतङ्कवादको करार थियो । अमेरिकी सहयोग तथा समर्थनमा विश्वव्यापीरूपमा भैरहेका सैन्य एवम् गैरसैन्य हस्तक्षेप विरूद्धका राष्ट्रिय स्वाधीनता एवम् लोकतन्त्रका आन्दोलन, गरिबी, अभाव र निरङ्कुशता विरूद्धका विद्रोहहरूलाई 'आतङ्कवाद पैदा हुने आधार' मान्दै त्यस्ता विद्रोहलाई कुनै न कुनै प्रकारको बहानामा दमन गर्न खोजिँदै थियो ।

**ग) अमेरिकी सुरक्षा व्यवस्था, तेस्रो विश्का देश र अमेरिकी मिसनः** भूमण्डलीय शक्ति–सन्तुलनमा देखिएको हेरफेरसँगै अमेरिकाले आफूले अँगाल्दै आएको सहायता नीतिमा परिवर्तन गर्न चाहन्थ्यो । तथापि आफ्नो सुरक्षा व्यवस्थामा भने ढुक्क थियो । सोभियत युनियनको विघटनपछि आफूलाई एकल शक्तिशाली ठानेको अमेरिकाले विश्वका विभिन्न भागमा उठ्ने गरेका सामाजिक विद्रोहहरु, स्वतन्त्रता र स्वाधीनताका आन्दोलनहरु र वर्गसङ्र्षहरूलाई दिग्भ्रमित पार्न र अलगथलग पार्न कतै लैङ्गिक सशक्तीकरण, कतै लोकतान्त्रीकरण, कतै क्रिश्चियनीकरण त कतै अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाद्वारा विकासे कार्यक्रम र कतै अनुसन्धानका नाममा देशका आन्तरिक सूचनाहरु सङ्कलन गर्ने कार्य गर्दै आएको देखिन्छ । शिक्षित युवाहरूलाई आकर्षक पारिश्रमिकद्वारा अमेरिकी संस्थाका प्रतिनिधि बनाई आन्तरिक सूचनाहरु सङ्कलन गरी रणनीति तयार पार्न प्रयोग गर्ने गरेको देखिन्छ । गरिब महिला, दलित पिछडिएका जनता, आदिवासी–जनजातिलाई समावेशिता र सशक्तीकरणका नाममा वर्गीय मुद्धा र राजनीतिबाट अलग गर्ने अभिप्रायले एनजीओवादी बनाएको छ । यसले पुँजीवादी संस्कृतिमा भ्रष्टीकृत गर्ने र कतै जातीय तथा सामाजिक विभेदीकरणमा पारिएकाहरूको बाध्यतामा 'परमेश्वर यशुले सबैका दुःख नास गरिदिन्छन्' भन्दै आर्थिक प्रलोभनमा पारेर धर्मप्रचार गर्ने उत्पीडित–शोषित वर्गको वर्गचेतनालाई गुमराह गर्दै विद्रोहमा रूपान्तरण हुनबाट रोक्ने, अल्मल्याउने, पिछडिएका मुलुकमा पुँजवादी उपभोक्तावादी आचरणलाई प्रश्रय दिने, अमेरिकी पिसकोर परिचालन गरेर आधारभूत वर्गको सामाजिक चेतना र त्यसबाट उठ्ने राजनीतिक विद्रोहमा रूपान्तरण हुन सक्ने सम्भावनालाई रोक्ने, दिग्भ्रमित पार्ने भूमिका खेलिरहेको देखिन्छ । अमेरिकाद्वारा अन्तर्राष्ट्रिय गुट निर्माण गरेर कतिपय मुलुकमा कथित 'आतङ्कवाद' नियन्त्रण गर्ने बहानामा तथा कतिपय मुलुकमा 'प्रजातन्त्रको रक्षा' को बहानामा सैनिक हस्तक्षेप गर्ने त कतिपय मुलुकमा सैन्य विद्रोह गराउने वा पिछलग्गु (कठपुतली) सरकार निर्माण गर्ने त कतै प्राकृतिक स्रोतको दोहनका निम्ति अनेकौं दबाव सृष्टि गर्ने गरेका थुप्रै उदाहरण छन् । त्यसैगरी, सन्धि–सम्झौता, लगानी वा अनुदानको बहानामा सामरिक महत्त्वको अवस्थितिमा रहेका मुलुकको सार्वभौमिकतालाई कुल्चँदै आफ्नो प्रतिद्वन्दिताको इबी साँध्ने काम समेत गरेको छ । सन् २००१ मा न्युयोर्कका जुम्ल्याहा भवनमाथि भएको हमलापछि भने राष्ट्रिय सुरक्षा रणीतिमा आक्रामक एवम् प्रतिरक्षात्मक दुवै ढङ्गले हेर्न थालेको देखिन्छ । अन्तर्राष्ट्रिय क्षेत्रमा अमेरिकाले प्रयोग गर्दै आएका कतिपय संयन्त्रहरु प्रभावकारी बन्न नसकेको ठान्दै अमेरिकाको राष्ट्रिय सुरक्षा व्यवस्थालाई प्रधान बनाएर सुरक्षा नीतिमा नै रणनीतिक परिवर्तन (strategic shift) गरेर अन्य कुनै मुलुकमा गरिने लगानी, दिइने अनुदान राष्ट्रिय सुरक्षा नीति मातहत परिचालन गरिने कुराको घोषणा राष्ट्रपति जर्ज डव्लु बुस (जुनियर) ले सन् २००२ मा नै गरिसकेका थिए ।

**घ) संयुक्त राष्ट्रसङ्घको सहायता नीति अनुमोदनः** संयुक्त राष्ट्रसङ्घले विश्वका धनी एवम् विकसित मुलुकहरूलाई आफ्नो वार्षिक बजेटको ०.७ प्रतिशत रकम गरिब तथा अविकसित राष्ट्रहरूको पूर्वाधार विकासका लागि छुट्याउनुपर्ने नीति–निर्देशित गरेको थियो । उक्त नीतिलाई मेक्सीकोको मोन्टेरीमा भएको विकासका लागि आर्थिक लगानी सम्बन्धी आन्तर्राष्ट्रिय सम्मेलनले सन् २००२ मा अनुमोदन गरेको थियो ।

**ङ) अमेरिकाद्वारा सहायता बजेट विनियोजन : मिलेनियम च्यालेन्ज कर्पोरेसनको संस्थागत उत्पत्तिः** १४ मार्च, २००२ मा अमेरिकी राष्ट्रपति जर्ज डब्लु बुस (जुनियर) ले अमेरिकी राष्ट्रिय सुरक्षा रणनीतिलाई आधार बनाएर बजेटको ०.३ प्रतिशत रकम गरिब तथा अविकसित राष्ट्रको पूर्वाधार विकासका लागि सहायता प्रदान गर्ने निर्णय गरेका थिए । त्यस प्रकारको सहायता रकम राज्यको पूर्ण नियन्त्रणमा रहने गरी रक्षा मन्त्रालय (सचिलालय) मातहत त्यसकै निगरानीमा प्रदान गर्ने नीति लिइयो । त्यसका लागि कार्यक्रम परिचालन गरिने विगतका संयन्त्रहरु प्रभावकारी नभएको ठानी नयाँ संरचना– 'मिलेनियम च्यालेन्ज कर्पोरेसन'– एमसीसी' निर्माण गर्ने घोषणा राष्ट्रपति बुसले गरेका थिए । एमसीसीसम्बन्धी 'मिलेनियम च्यालेन्ज एक्ट, २००३' मा अमेरिकी सिनेटले पारित गरी सन् २००४ देखि कार्यान्वयनमा ल्याइयो ।

**च) एमसीसीको जन्मः** सोभियत युनियन (रूस) को विघटनपछि संयुक्त राज्य अमेरिका एकध्रुवीय महाशक्ति राष्ट्रका रुपमा देखापऱ्यो । त्यतिबेला अमेरिकाको शक्ति–उन्माद भैसकेको थियो । सन् २००० ताका चीन पनि शक्तिशाली राष्ट्र बन्दै आएको थियो । यसले अमेरिकामाथि चुनौती देखिँदै थियो । ११ सेप्टेम्बर, २००१ मा न्युयोजर्कस्थित जुम्ल्याहा भवनहरूमाथिको हमलापछि अमेरिकी सुरक्षा व्यवस्थामा कडाइ गरियो । एकातिर चीनको बढ्दो शक्ति र अर्कातिर अमेरिकी सुरक्षा व्यवस्थामा चुनौतीको अवस्थामा अमेरिकाले सहायता रणनीतिमा परिवर्तन गर्नुपर्ने अवस्था रह्यो ।

एमसीसीको संरचना सञ्चालनका लागि 'बोर्ड अफ डिरेक्टर्स' गठन गरिने व्यवस्था गरिएको छ । बोर्डमा राज्य सचिव–गृहमन्त्री (secretary of state) अध्यक्ष र सदस्यमा बित्तीय सचिव (मन्त्री), संयुक्त राज्य अमेरिकी व्यापार प्रतिनिधि, युएसएडका मुख्य प्रशासक, एमसीसीका मुख्य कार्यकारी निर्देशक र चारजना राष्ट्रपतिबाट मनोनीत व्यक्तिहरु रहने व्यवस्था छ । अनुदान प्रदान गर्दा अपनाउने विधि 'मिलेनियम च्यालेन्ज एक्ट, २००३' ले निर्देशित गरेबमोजिम हुने भनिएको भए तापनि सन् २०१७ पछि यो 'इन्डो–प्यासिफिक स्ट्राटेजी' मातहत राखिएको कुरा अमेरिकी नीतिमा रहेको र त्यसको व्याख्या अमेरिकी अधिकारीहरूले गर्ने गरेका छन् । एमसीसी सहायतासम्बन्धी सम्झौता गरिएका मुलुकहरूमा सम्झौता अनुसारका परियोजना सञ्चालनका निमित्त सम्बन्धित देशका सरकारद्वारा मिलेनियम च्यालेन्ज एकाउन्ट गठन गरी सहायता परिचालन गरिन्छ । नेपालमा 'विकास समिति गठन आदेश, २०७४' अन्तर्गत 'मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल (एमसीए)' नामक संरचना निर्माण गरी कार्यान्वयन गरिएको छ । उक्त 'एमसीए नेपाल' सम्बन्धित देशले निर्माण गरे पनि उक्त संरचनाको सम्पूर्ण आर्थिक एवम् नीतिगत उत्तरदायित्व एमसीसीप्रति रहने गर्दछ ।

प्रस्तुत सम्झौता कार्यान्वयन गर्ने संरचना एमसीएमा संरचनागत हेरफेर वा नीति–नियममा परिवर्तन गर्न एमसीसीको स्वीकृतिविना सम्भव छैन । मुख्य र सहायक सम्झौताहरु युएसको कानुन 'मिलेनियम च्यालेन्ज एक्ट, २००३' अन्तर्गत रहे तापनि मूल सम्झौताको दफा ३.३ मा एमसीए, २००३ को दफा ६०७ लाई सम्झौताकै अङ्ग बनाइएको छ । यसले अमेरिकी कानुनको अङ्श नेपालको कानुनसरह बनेको छ र संसद्ले पारित गरिसकेपछि हाम्रो निमित्त कार्यान्वयन बाध्यकारी बनेको छ ।

**छ) नेपाललाई अनुदान दिन नेपालले पूरा गर्नुपर्ने पूर्वाधार (थ्रेसहोल्ड):** अनुदान प्राप्त गर्नका लागि सम्बन्धित देशले एमसीसीले राखेका सर्तहरु (threshold) पार गर्नुपर्छ । नेपालका सम्बन्धमा एमसीले अघि सारेका बीसवटा सर्तहरु पार गरेको हुनु पर्नेछ । यस्ता सर्तहरु रहे तापनि झन्डै आठवटा सर्तहरु मात्र पूरा भएको मानिएको छ । त्यस्ता सर्तहरु न्यूनतमरूपमा दुईतिहाई पूरा भएको देखिएको अवस्थामा सहायता स्वीकृत गरिएको छ । थ्रेसहोल्डको न्यूनतम मापदण्ड मात्रै पनि पूरा भएको मानिनुको उद्देश्य गम्भीर छ भन्ने नै बुझिन्छ । यो काम एमसीसीसँगको सम्झौताका अन्तर्वस्तु र त्यसका लागि संसद्को अनुमोदन आवश्यक भएको भन्ने प्रावधानले नै गम्भीर बनाएको थियो । सम्झौता स्वीकृतिका लागि पूर्वसर्तहरु (थ्रेसहोल्ड) निम्नवमोजिम रहेका छन्–

**अ. न्यायिक शासन** (rule of justice) क. नागरिक स्वतन्त्रता (civil liberties) ख. राजनीतिक अधिकार (political rights) ग. भ्रष्टाचार नियन्त्रण (corruption control) घ. प्रभावकारी सरकार (effective government) ङ. कानुनी राज्य (rule of law) च. सूचनाको हक (right of information).

**आ. जनतामा लगानी** (investment for people) क. दण्डनीयताको स्तर (immunization rate) ख. जनस्वास्थ्यमा सार्वजनिक लगानी (expenditure on public health) ग. केटीहरूको शिक्षा (girl's education) –प्राथमिक शिक्षा पूरा गर्ने (completion of primary education) – माध्यामिक शिक्षा प्रवेश (enrolment in secondary education) घ. प्राथमिक शिक्षामा सार्वजनिक लगानी (public expenditure on primary education) ङ. बाल स्वास्थ्य (child health) च. प्राकृतिक स्रोतको संरक्षण (conservation of national resource)

**इ. आर्थिक स्वतन्त्रताका लागि प्रोत्साहन** (encourag´ent for economic freedom) क. व्यावसायिक सुरूआत (initiation for economic freedom) ख. भूमि अधिकार र पहुँच (access to land ownership) ग. व्यापार नीति (trade policy) घ. अनुगमन क्षमता (regulatory quality) ङ. मुद्रास्फिति (inflation rate) च. मौद्रिक नीति (fiscal policy) छ. ऋण प्रवाहमा पहुँच (access to credit) ज. लैङ्गिक अर्थतन्त्र (gender economy)

**ज) सम्झौताका लागि प्रोटोकल नमिलेकोः** सामान्यतया दुई वा दुईभन्दा बढी मुलुकहरु वा संस्थाका बीच सन्धि, सम्झौता वा लेटर अफ एक्सचेन्ज गर्दा मर्यादाक्रम समान भएका अधिकारीहरूको संयुक्त हस्ताक्षरद्वारा गरिन्छ । अन्तर्राष्ट्रिय सम्बन्धमा आधिकारिक प्रतिनिधिबीचको मर्यादाक्रमले महत्त्व राख्दछ र त्यसैअनुसार सम्मान पनि हुन्छ । एमसीसीसँगको सम्झौताको हकमा त्यसप्रकारको मर्यादा एवम् सम्मानको शिष्टाचार अनुशरण गरिएको देखिँदैन । सम्झौता गर्दा एमसीसीका तर्फबाट उक्त संस्थाका कायममुकाय प्रमुख कार्यकारी अधिकृत जोनाथन जी नाश रहेका छन् भने नेपाल सरकारका तर्फबाट सङ्घीय अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की रहनुभएको छ ।

एमसीसीको संरचना गैरसरकारी संस्थाको प्रकृतिको रहेको छ । तर, त्यसमा अमेरिकी सरकारको नीतिगत, आर्थिक एवम् प्रशासनिक पूर्ण नियन्त्रण कायम रहेको छ । एमसीसीका तर्फबाट सम्झौतामा हस्ताक्षर गर्ने जोनाथन जी नाशको मर्यादाक्रम (प्रोटोकल) उपसचिवसरहको रहेको छ । एमसीसी बोर्डका अध्यक्ष भने स्टेट सक्रेटरी रहने गरेका छन् । नेपालका तर्फबाट सङ्घीय मन्त्री हुनुले मर्यादाक्रम मिलेन । यस्तो किन हुन्छ त ? नेपाल सानो र गरिब मुलुक हो; अमेरिका ठूलो र धनी एवम् शक्तिशाली मुलुक हो । धनी र गरीबबीच जुन खाडल देखापर्छ, त्यो वर्गीय अन्तर नै हो । त्यसैले राष्ट्र–राष्ट्रबीचमा पनि ठूलो, धनी र शक्तिशाली राष्ट्र तथा साना, गरिब र कमजोर राष्ट्रहरूबीच वर्गीय अन्तर रहेको हुन्छ । त्यही अन्तरको वर्गीय मान्यता एमसीसी सम्झौतामा व्यक्त भएको छ । सानो वा ठूलो जस्तोसुकै भए पनि; सार्वभौम राष्ट्रहरूबीच आर्थिक अन्तर भए पनि अन्तर्राष्ट्रिय मर्यादा तल–माथि हुँदैन । नेपालका तर्फबाट सङ्घीय मन्त्रीले नै सम्झौतामा हस्ताक्षर गर्नुले देशले नै स्वयम् लघुताभाष प्रकट गरेको देखिन्छ । फेरि पनि सम्झौतालाई वैधानिकता दिन अन्तर्राष्ट्रिय कानुनको मातहत सम्झौता र संसदीय अनुमोदनले सम्झौताका सबै विचारहरु पालन गर्नुपर्ने बाध्यता स्वीकार गर्नुपर्ने अवस्था सिर्जना गरिएको छ । सम्झौता अनुमोदनले त्यसभित्र रहेका सबै कानुनको परिपालन गर्नुपर्ने बाध्यता पारिएको छ । प्रोटोकल नमिल्दा–नमिल्दै पनि सम्झौताले संसदीय अनुमोदन प्राप्त गरी कार्यान्वयनको वैधानिकता प्राप्त गरिसकेको छ ।

**झ) अमेरिकाद्वारा अख्तियार गरिएको सहायता रणनीति र त्यसका आयामः** सामरिक दृष्टिले अमेरिका विश्वको महाशक्ति राष्ट्र हो । सन् १९९१ म सोभियत युनियनको विघटनपछि एकध्रुवीय महाशक्तिका रूपमा देखिएको अमेरिका सन् २००१ पछाडि आन्तरिक तथा राष्ट्रिय सुरक्षामा दखल पुग्ने गरी भएको हमलाले गर्दा अमेरिकाले प्रतिरक्षा र आक्रमणको दुवै रणनीति अपनाएको देखिन्छ । अफगानिस्तानमाथिको सैनिक हस्तक्षेपमा अमेरिका कमजोर बन्न पुग्दा बेलायतको सैनिक सङ्लग्नतालाई अमेरिकाले गुहारेको थियो । पुँजीवादी र समाजवादी राज्य र जनमतको खेमामा विभक्त

क्रमशः पाँचौं पृष्ठमा

# मिलेनियम च्यालेन्ज...

विश्वमा शक्तिका साथ चीनको उदयको सँगसँगै मानवतावादी दृष्टिले गरिबी निवारण, पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, सडक, बिजुली, कृषि विकासजस्ता कार्यक्रमहरु अगाडि सारेर निर्धारित थ्रेसहोल्डको आधारमा अनुदान स्वीकृत गर्ने काम गरिएको छ । त्यसरी दिइने सहायतामा सम्झौता गर्दा गम्भीर प्रकारका सर्तहरु रहेका हुन्छन् । सहायता दिने रकमहरु दातृराष्ट्रकै विरूद्धमा प्रयोग गर्नु नहुने कुरा स्वाभाविकै हुन्छ । तर, त्यसका अलावा अनुदान प्राप्त गर्ने मुलुको स्वतन्त्र निर्णयमा समेत बन्देज गर्ने व्यवस्थाहरु एमसीसीसँगको सम्झौतामा छन् । संयुक्त राज्यले गर्ने सहायता भूमण्डलीय राजनीति अन्तर्गत अमेरिकाको सुरक्षा रणनीतिलाई नै मुख्य आधार बनाउनेभन्दा बाहिरबाट सोच्न सक्दैन भन्नुभन्दा सम्झौता (सहायता) को माध्यमबाट मुलुकहरुको सम्प्रभुतामाथि नै गम्भीर आँच पुग्ने प्रस्तावहरु अघि सारेको देखिन्छ । त्यसैले सहायता कस्तो अवस्थामा, कस्ता राष्ट्रलाई प्रदान गर्ने भन्ने कुरा वर्गीकरण गरेको देखिन्छ । जो यसप्रकार छन्-

**क. विश्वका गरिब तथा अविकसित राष्ट्रहरू:** त्यस्ता राष्ट्रहरु गरिब राष्ट्रहरुको सूचीमा रहेका छन्, जसलाई मानव विकासको सूचाङ्क (humam development index) मा संयुक्त राष्ट्रसङ्घले गरिब तथा अविकसित राष्ट्रका रुपमा सूचीकृत गरी कोटा समेत निर्धारण गरेको हुन्छ । त्यस्ता राष्ट्रलाई भूमण्डलीय गठबन्धनमा आफ्ना पक्षमा प्रभावित पार्ने उद्देश्य र अनेकौं सर्तहरु समेत राख्ने गरिएको छ । त्यस्ता सर्तहरु मञ्जुर गरेर मात्र सहायता सम्झौतामा सहमति जनाउनु पर्ने हुन्छ । त्यसको ज्वलन्त उदाहरण हो- नेपाल । नेपाल गरिब छ, अविकसित छ, दाक्षिणपूर्व तथा दक्षिण एसियामा विशिष्ट सामारिक महत्त्वका रुपमा अवस्थित छ ।

**ख. द्वन्द्व (आन्तरिक वा बाह्य) बाट निस्किएका राष्ट्रहरू:** आन्तरिक वा बाह्य द्वन्द्वमा परी निस्किएका राष्ट्रहरु (द्वन्द्वोत्तर राष्ट्रहरु) मा शान्तिका लागि सहजीकरण वा जय-पराजयको अवस्थामा त्यस्ता मुलुकलाई प्रभावित पार्न अमेरिका प्रत्यक्ष-अप्रत्यक्ष सङ्लग्न हुने गरेको देखिन्छ । कतै नक्कली युद्ध (fake war) मा ऊ आफैं पनि सरिक भएको पाइन्छ । त्यस्तो बेलामा एनजीओ/आईएनजीओ, शान्ति मिसनहरु, पुनर्निर्माणसम्बन्धी विभिन्न नियोगहरु तथा राज्य स्वयम् सरिक हुने गरेको छ । द्वन्द्वोत्तर राष्ट्रको आर्थिक-सामाजिक व्यवस्थापनमा सहजीकरण गरी आफ्नो अनुकूलतामा फेर्न आर्थिक, राजनीतिक, सैनिक, प्राविधिक तथा कूटनीतिक सहयोगले प्रभावमा पार्ने गतिविधि गर्ने गरेका प्रशस्त उदाहरण छन् । हिन्द-प्रशान्त क्षेत्रका राष्ट्रहरु, दक्षिणपूर्वी एसिया, दक्षिण एसिया, मध्यपूर्व, अफ्रिकी मुलुकहरु, मध्यपूर्व तथा ल्याटिन अमेरिकी मुलुकहरु र स्वयम् नेपाल पनि त्यसको ताजा उदाहरण हो ।

**ग. सामरिक महत्त्वका राष्ट्रहरू:** राजनीतिक प्रणाली, सामाजिक आर्थिक बनोट, प्रविधिको विकास र प्रयोग तथा स्वतन्त्रता र स्वाभिमानले विश्व बहुध्रुवको अवस्थामा देखिए तापनि शक्तिको दृष्टिकोणबाट दुई ध्रुवमा ध्रवीकृत बन्दै गएको छ । सोभियत सङ्घको विघटनपछि एकछत्र शक्तिका रुपमा अमेरिकाको सामारिक महत्त्वका राष्ट्रहरुमा बोलवाला नै रह्यो । विश्वशक्तिको प्रतिस्पर्धामा बिस्तारै चीन आउन थालेपछि बहुध्रुवीय अस्तित्वको प्रतिस्पर्धा दुई ध्रुवमा देखिन थाल्यो । साम्राज्यवादी, पुँजीवादी, प्रभुत्ववादी शक्तिहरुबीच आपसी केही मात्रामा मतैक्यता देखिए पनि प्रायः अमेरिकी ध्रुवको नजिक देखिन्छन् । समाजवादी विचारका अनुयायीहरु, केही पूर्वसमाजवादी मुलुकहरु, असङ्लग्न आन्दोलनका मुलुकहरु, स्वाधीनताका हिमायती र तेस्रो विश्वका राष्ट्रहरु या त चिनियाँ ध्रुवमा रहेका छन् या साम्राज्यवादविरोधी अभियानमा छन् । त्यस्ता राष्ट्रहरुको केन्द्र एउटै नबनेको भए तापनि विश्व साम्राज्यवाद प्रभुत्ववादविरूद्ध सङ्घर्ष गरिरहेकै छन् । भूमण्डलीय प्रतिद्वन्द्विताको राजनीतिमा भौगोलिक अवस्थिति सामरिक महत्त्व राख्ने भएकाले अन्तर्राष्ट्रिय आवागमनको नाकामा रहेका देशहरु, भूमि तथा सामुद्रिक मार्गको प्रयोग गरेर सामरिक सामग्रीको ओसारपसार गतिविधिका लागि आवावमन, कुनै खास मुलुकका विरूद्ध कसैको भूभाग प्रयोग गर्न तथा सैनिक अखडा निर्माण गरेर भूमण्डलीय राजनीतिमा निगरानी र नियन्त्रण गर्नका निम्ति पनि अमेरिकी सहायता नीति प्रयोग हुने गरेको छ ।

**घ. अमेरिकी गुट नाटो, एसिया प्यासिफिक, इण्डो-प्यासिफिक, आसियाना, क्वाड आदि** (North Atalantic Rreaty Organization, Asia Pacific, Indo-Pacific, Association of South-East Asian Nations, Quadrilateral Security Dialog etc.) **मा रहेका मुलुकहरू:** अमेरिकी गुटमा सङ्लग्न राष्ट्रहरु अमेरिकाले आफ्नो अन्तर्राष्ट्रिय गठबन्धनलाई बलियो पार्न सैनिक, व्यापारी, कूटनीतिक, सञ्चार तथा प्राविधिक र राजनीतिक सहकार्यका लागि विभिन्न प्रकारका र विभिन्न स्तरमा अन्तर्राष्ट्रिय मञ्चहरु निर्माण गरेको छ । खासगरी समाजवादको प्रचार र प्रभाव रोक्न, कथित आतङ्कवाद विरूद्ध सहकार्यका लागि विश्वस्तरमा साझा संयन्त्र/मञ्च निर्माण गरेको छ । त्यसका लागि साझा कोषको समेत निर्माण गरिएको छ । त्यस्ता संरचना तथा देशहरुमा एमसीसीमार्फत अमेरिकी लगानी हुने गरिएको छ ।

**एमसीसीमार्फत नेपाललाई अनुदान प्रदान गर्ने समझदारीपत्रको क्रिया र रणनीति**

नेपालको राजनीतिक तरलता र एमसीसीसँगको सम्झौता दुई-दुई पटकको संविधानसभाको निर्वाचनपछि मात्र ३ असोज, २०७२ मा नयाँ संविधान जारी भयो । नेपालमा माओवादी जनयुद्धले शान्ति प्रक्रियाको बाटो पक्रेको (वि.सं. २०६३/सन् २००६ देखि) भए तापनि देशको राजनीति, अर्थव्यवस्था, सामाजिक परिस्थिति संविधान जारी गरेर कार्यान्वयनमा नआएसम्म अत्यन्तै तरल अवस्थामा थियो । नेपाल दक्षिण एसियामा रहेको र साथै यसको भौगोलिक अवस्थिति-दुई विपरीत राजनीतिक प्रणाली र राज्यव्यवस्था रहेको मुलुकहरुका बीचमा भूपरिवेष्ठित अवस्थामा रहेको भए तापनि सामरिक महत्त्वको केन्द्रका रुपमा रहेको छ । त्यसैले वैदेशिक पुँजीवादी एवम् साम्राज्यवादी शक्तिका निम्ति राजनीतिक प्रणाली, दलहरु समेतका भूमिकाहरु आफ्नो अनुकूलतामा ल्याउन भरपुर चलखेल गरिरहेका कारण स्वाधीनता र स्वाभिमानको स्थिति पनि कमजोर बन्न गएको हो । यही तरलता र कमजोर राज्यप्रणाली रहेको अवस्था तत्कालीन मुख्य द्वन्द्वबाट निस्केर शान्ति प्रक्रियाको सङ्क्रमणकालीन अवस्थामा नेपाललाई आफ्नो अनुकूल भूमिकाभित्र ल्याउने प्रतिस्पर्धाबीच एमसीसीद्वारा सहायता प्रदान गर्ने भन्ने रणनीति अगाडि बढेको देखिन्छ । यसको मुख्य कारण हो- नेपालको रणनीतिक अवस्थिति (strategic location) ।

*हालै प्रकाशित कृति 'नेपालमा एमसीसी' बाट ।*

# पत्तो छैन शिक्षामन्त्रीलाई शिक्षकलाई तलब कस्ले दिन्छ ?

**काठमाडौं ।** शिक्षकलाई तलब कसले दिन्छ' भन्ने पत्तो नपाएका शिक्षामन्त्री महावीर पुनले सामाजिक सञ्जालमा प्रेषित आफ्नो 'स्टाटस' अभिव्यक्ति सच्चाएका छन् ।

मन्त्री पुनले दसैं-तिहारको समय रहेकोले आइतबारसम्म तलब नदिने विद्यालय व्यवस्थपन समिति र प्रधानाध्यापकलाई कारबाही गर्ने चेतावनी दिएका थिए । 'शिक्षकलाई तलब स्थानीय तह (पालिका)ले प्रदान गर्छ' भन्ने पनि जानकारी समेत नराखी सूचना जारी गरेका शिक्षामन्त्री पुनले दोस्रो सूचनामा सच्चाएका छन् ।

सामाजिक सञ्जालमा चर्को आलोचना भएपछि मन्त्री पुनले दोस्रो सूचनामा प्रधानाध्यापकको सट्टा 'पालिका कारबाही गरिनेछ' भन्ने उल्लेख गरेका छन् ।

# थुक्तेन एक महिनादेखि बेपत्ता

**काठमाडौं ।** नाम्खा गाउँपालिका-३ खगालगाउँका थुक्तेन पाल्वर लामा एक महिनादेखि बेपत्ता भएका छन् । काठमाडौंमा गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा बेपत्ता भएका उनी अझै सम्पर्कमा नआएको थुक्तेनको परिवारजनले बताएका हुन् ।

चौबीस वर्षीय थुक्तेन काठमाडौंको तीनचुलीमा बस्दै आएका थिए । नारायणथान गुम्बामा लामा ज्ञानको अध्ययन सकाएर एक वर्ष अगाडिदेखि तीनचुलीमा भतिजासँगै बस्दै आए पनि आन्दोलन भएको दिनदेखि सम्पर्कमा नआएको उनका बुबा टैछिरिङ लामाले बताए । उनका अनुसार भदौ २३ गतेको आन्दोलनमा सहभागी भएर थुक्तेन सकुशल कोठामा फर्किएका थिए ।

भदौ २४ गते कोठाबाट निस्केपछि बेपत्ता भएका थुक्तेनका बुबा टैछिरिङले बताए । उनले बेपत्ता छोराको खोजी गरिदिन सबैमा आग्रह गरे । टैछिरिङले कान्छा छोरा थुक्तेन बेपत्ता भएको भन्दै जिल्ला प्रहरी कार्यालय हुम्ला र काठमाडौं प्रहरीलाई जानकारी गराइए ।

# भाइटीकाको उत्तम साइत : कात्तिक ६ गते ११:३९ बजे

**काठमाडौं ।** नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले यस वर्षको भाइटीकाको उत्तम साइत सार्वजनिक गरेको छ । कात्तिक ६ गते बिहीबार बिहान ११:३९ बजे भाइटीकाको साइत उत्तम रहेको समितिका अध्यक्ष प्रा शम्भुप्रसाद ढकालले जानकारी दिए ।

कात्तिक ६ गते बिहीबार मध्याह्नकालमा टीका लगाउन बाधा नपरे पनि साइत खोज्नेका लागि धनु लग्न, कन्या नवमांश, चर बेला र अभिजित योग तथा विजय मुहूर्तको शुभ साइत दिइएको समितिका सदस्य प्रा देवमणि भट्टराईले जानकारी दिए । 'राज्य सञ्चालकले भने साइतमै टीका लगाउनुपर्छ । सर्वसाधारणका लागि मध्याह्नकालमा टीका लगाउन कुनै समस्या छैन' उनले भने । यस वर्ष यमपञ्चक कात्तिक १ गते शनिबारदेखि सुरु हुन्छ । त्यस दिनदेखि यमदीप दान सुरु गरिन्छ । धन त्रयोदशी र धनतेरस पर्व पनि यसै दिन परेको समितिले स्वीकृति दिएका पात्रोमा उल्लेख छ । कात्तिक २ गते आइतबार काग तिहार परेको छ । यसै दिन धनवन्तरी जयन्ती पर्व पनि मनाइन्छ ।

कात्तिक ३ गते सोमबार बिहान नरक स्नानसहित कुकुर तिहार र बेलुकी लक्ष्मीपूजा परेको छ । यसै दिन साँझ दीपमालिका गरिन्छ । कात्तिक ३ गते सोमबार दिउँसो ०२:५२ बजेसम्म कात्तिक कृष्ण चतुर्दशी र त्यसपछि औँशी तिथि लाग्ने भएकाले शास्त्रसम्ममत रूपमा पर्वसम्बन्धी निर्णय गरिएको समितिले जनाएको हो । सायकालमा औँसी तिथि परेका दिन लक्ष्मीपूजा गर्नुपर्ने शास्त्रीय वचन छ । औँसी तिथिमा गरिने स्नान, दान भने कात्तिक ४ गते मंगलबार बिहान गर्नुपर्नेछ । कात्तिक ४ गते दिउँसो ०४:२९ बजेसम्म औँशी तिथि रहेको समितिले जनाएको छ ।

गाई, गोरु र आत्म (म्ह) पूजा भने कात्तिक ५ गते बुधबार गर्नुपर्ने शास्त्रीय वचन रहेको छ । कात्तिक शुक्ल प्रतिपदाको सायंकालमा आत्म (म्ह) पूजा गर्नुपर्ने 'कृत्यवाटिका' नामक ग्रन्थमा उल्लेख गरिएको छ । आत्म (म्ह) पूजा विशेषगरी नेवार समुदायले गर्ने परम्परा छ । समितिले स्वीकृति दिने तीन पात्रो (पञ्चांग) नेवार समुदायका पञ्चांगकारले प्रकाशन गर्ने गरेका छन् । सिद्धिलक्ष्मी व्यञ्जनकार, कीर्तिकिरण जोशी र शशिधर जोशी नेवार समुदायकै पञ्चांगकारले पनि कात्तिक ५ गते नै आत्म (म्ह) पूजा गर्ने विषय आफ्ना पञ्चांग (पात्रो) मा उल्लेख छ

शास्त्रीय ग्रन्थमा भ्रातृपूजा भन्ने शब्द उल्लेख गरिएको र त्यस शब्दले दाजुभाइ दुवैलाई बझाए । भाइटीका भनिए पनि ज्येष्ठको क्रमानुसार नै दाजुभाईलाई टीकाटाला गर्नु शास्त्रसम्मत हुने समितिले जनाएको छ ।

प्रत्येक वर्ष कात्तिक कृष्ण त्रयोदशीदेखि कात्तिक शुक्ल द्वितीयासम्म यमपञ्चक भनिने तिहार पर्व मनाइन्छ । यस पर्वमा कात्तिक कृष्ण त्रयोदशीको साँझदेखि कात्तिक शुक्ल द्वितीयाको साँझसम्म यमदीपदान गरिन्छ । काग र कुकुरलाई पनि यमदूतका रूपमा मीठा परिकार खान दिएर खुसी बनाउने वैदिक परम्परा छ । जसले यमलोकमा सहयोग गर्ने विश्वास गरिन्छ ।

# दाङ्गेली किसानलाई धान काट्ने चटारो

**काठमाडौं ।** दसैं पर्व सकिएसँगै दाङका किसान खेतमा धान काट्न र काटेर सुकाएको धान दाइँ हाल्न व्यक्त देखिन्छन् । मौसम खुलेको समयमा धान काट्दै गरेको अवस्थामा भेटिएकी लमही नगरपालिका-३ की ४२ वर्षीया सीता चौधरीले भनिन् 'अहिले मौसम खुलेको छ । धान पाकेर पहैंलै भएकाले बिहानदेखि बेलुकासम्म खेतमै धान काट्न व्यस्त हुने गरेका छौं ।'

चौधरीले सिँचाइ सुविधा पुगेकाले देउखुरी क्षेत्रमा अधिकांश ठाउँमा समयमै धान रोपाइँ हुने र छिट्टै पाक्ने हुँदा दसैंलगत्तै धान काट्न तथा काटेको धान सुकाएर दाइँ गर्न थालिसकेका बताइन् । दसैंअगाडि नै धान पाकेर पहैंलै भएकाले किसानले काट्न सुरु गरेका छन् । अहिले मौसम अनुकूल भएपछि भित्र्याउन सुरु गरेको उनीहरूको भनाइ छ । धान स्याहार्ने समयमा दाङसहित देशका विभिन्न ठाउँमा परेको अविरल वर्षाले पाकेको धानमा केही क्षति पुगेको किसान बताउँछन् । वर्षा भए पनि बाढी नआएकाले ठूलो नोक्सानी व्यहोर्नु नपरेको चौधरी बताए । 'अहिले त्यस्तै वर्षा भएमा ठूलो क्षति हुने डरले बिहानदेखि बेलुकासम्म धान काट्न व्यस्त छौं' उनले भने । यतिबेला देउखुरी क्षेत्रका अधिकांश किसान बिहानैदेखि बेलुकासम्म धान काट्न तथा बाली भित्र्याउन व्यस्त देखिन्छन् । तिहारको समय नजिकै आइरहँदा किसानलाई धान काट्न चटारो छ । उनीहरूले काटेको धान चाँडै भित्र्याउनका लागि खेतसँगैका सडक किनारामा सुकाउन थालेका छन् । जिल्लाका किसान बिहानदेखि बेलुकासम्म खेतमै व्यस्त देखिन्छन् । कतै काटेको धान थ्रेसरबाट दाइँ गर्न लागेका देखिन्छन् । खेतमा धान काट्न आउने गरेको र बेलुका मात्र घर फर्कने गरेको लमही नगरपालिका-३ का ६० वर्षीया सावित्रा भण्डारीले बताइन् ।

'मौसम परिवर्तन भई पानी परेमा पाकेको धानमा क्षति हुन्छ । वर्षभरि खानपुग्ने खेती बिग्रिएमा कसरी परिवार पाल्ने भन्ने पिरलो लाग्छ । तिहारका लागि रोटी पकाउने, घर सरसफाइलगायतका सबै काम छाडेर सबै जना बिहानदेखि बेलुकासम्म खेतमै व्यस्त छौं' उनले भनिन् ।

देउखुरीमा मात्र होइन, घोराही उपमहानगरपालिका, तुलसीपुर उपमहानगरपालिका, पश्चिम दाङका दंगीशरण, शान्तिनगर, बबई गाउँपालिकामा पनि धान पाकेर पहेँलै भएको छ । जिल्लाका किसानले पनि धान काटन सुरु गरिसकेका छन् । दंगीशरण गाउँपालिका-३ रावत गाउँका माइली चौधरी बिहानैदेखि धान काट्न सुरु गरेको बताइन् । तीन बिघा जमिन भाडामा लिएर धानखेती गरेको बताउने उनी पानी पर्छ कि भन्ने डरले बिहानैदेखि बेलुकासम्म खेतमै हुने गरेको बताए ।

# एमाले केन्द्रीय कमिटी बैठक: ५० जना केन्द्रीय सदस्यको सुझाव प्रस्तुत

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले)को १०औं केन्द्रीय कमिटी बैठकको पहिलो दिनको बैठक सम्पन्न भएको छ । ललितपुर, जावलाखेलको भनिमण्डलस्थित रामबाघ महलमा बुधदेखि सुरु केन्द्रीय कमिटी बैठकमा पहिलो दिन ५० जना केन्द्रीय सदस्यले धारणा राखेको एमाले प्रचार तथा प्रकाशन विभागका प्रमुख राजेन्द्र गौतमले जानकारी दिएका हुन् ।

पार्टीका अध्यक्ष केपी शर्मा ओलीले बैठकमा प्रस्तुत गरेको राजनीतिक परिस्थिति र हाम्रो नीतिसम्बन्धी प्रतिवेदनमाथि केन्द्रीय सदस्यले सुझाव राखेको गौतमले बताए । उनले केन्द्रीय सदस्यहरूले अन्तरिम सरकार, प्रतिनिधिसभा विघटनका सम्बन्धमा महत्त्वपूर्ण सुझाव दिए । राजनीतिक प्रतिवेदनमाथिको सुझाव दिनका लागि केन्द्रीय सदस्यलाई तीन मिनेटको समय तोकिएको छ । प्रचार विभाग प्रमुख गौतमले तीन मिनेटभित्र राख्न नसकेको कुरा लिखित रूपमा प्रस्तुत गर्न अनुरोध गरिएको बताए । उनले भोलि बिहीबार बिहान ८ बजेदेखि बैठक पुनः सुरु हुने जानकारी दिए ।

बैठकमा अध्यक्ष केपी शर्मा ओलीले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमा महाधिवेशन आगामी मंसिर २७ देखि २९ गतेसम्म पार्टीको ११औं राष्ट्रिय महाधिवेशन पोखरामा आयोजना गर्ने प्रस्ताव गरिएको छ । बैठक यही असोज ३१ गतेसम्म सञ्चालन हुनेछ । अध्यक्ष ओलीले अप्ठ्यारो र असहज परिस्थितिमा पार्टीभित्र सुदृढ एकता हुनुपर्नेमा जोड दिएका थिए । बुधदेखि ललितपुरको भनिमण्डलस्थित रामबाघ महलमा सुरु भएको एमालेको दशौं केन्द्रीय कमिटी बैठकको प्रारम्भ गर्दै उनले आफूहरू सिमलको भुवाजस्तो जता हावा लाग्यो उतै बग्ने खालको पार्टी नभएको स्पष्ट पारे ।

'पार्टीको केन्द्रीय कमिटीले भन्छ र आदेश दिन्छ भने म खुसीका साथ नेतृत्व छाड्न तयार छु । तर अप्ठ्यारो स्थितिमा देशलाई अलपत्र पार्दिनँ' उनले भने 'मैले पार्टीको अध्यक्ष छोड्नुपर्ने विषय फेसबुकले भन्ने होइन, यो कमिटीले भन्ने हो । कमिटीले भनेका बेला एकदम खुसीका साथ नेतृत्व छोड्न तयार छु । यो कमिटीमा बसेर कोही सदस्यले बाहिर गएर लोकप्रियवादका पछि कुद्न हुँदैन ।'

## कार्यकारी भूमिका...

समीकरणको सहमति अनुसार २०८३ असारमा आफू प्रधानमन्त्री भएपछि मात्रै पार्टीको १५औं महाधिवेशन गराउने मेलोमा देउवा थिए ।

उक्त प्रदर्शनपछि पनि १५औं महाधिवेशन सम्पन्न गराएर मात्रै नेतृत्व हस्तान्तरण गर्ने देउवाको सुरक्षित बाटो समेत तत्काल नेतृत्वबाट हट्न आन्तरिक चर्को दबाबका कारण सफल हुन सकेन । कांग्रेसका महामन्त्रीद्वय विश्वप्रकाश शर्मा र गगन थापाले भदौ २३ र २४ अगाडिको स्थिति र त्यसपछिको स्थिति एउटै नभएको भन्दै सार्वजनिक रूपमै देउवालाई नेतृत्वबाट अलग हुन आह्वान गरेका थिए ।

विशेष महाधिवेशनका लागि ५२ प्रतिशतभन्दा बढी महाधिवेशन प्रतिनिधिको हस्ताक्षर संकलन भयो र कार्यकर्ताको भावना समेत देउवाले तत्काल बहिर्गमनको बाटो रोज्नुपर्ने देखिएपछि चौतर्फी दबाब परेका देउवाले नेतृत्व हस्तान्तरणका सवालमा ‘घरमा सधैं एकैजना मुली नरहने’ महामन्त्रीद्वय शर्मा र थापालक्षित जवाफ समे फर्काएका थिए ।

‘म साथीहरूलाई के आग्रह गर्न चाहन्छु भने घरमा सधैं एक जना मुली रहँदैन, पार्टीमा पनि हमेसा एकै जना सभापति रहिरहँदैन । जहाँसम्म मेरो विषय छ- मैले पहिले नै हाम्रो वैधानिक व्यवस्थाले र मेरो राजनीतिक इच्छाले १५ औं महाधिवेशनबाट पार्टी नेतृत्व विधिवत रूपमा हस्तान्त्रण गर्छु भनिसकेको छु । आगामी १५ औं महाधिवेशनबाट मबाहेक अरु कुनै साथी सभापति बन्नुहुनेछ, त्यसमा द्विविधा छैन’ देउवाको भनाइ थियो ।

बैठक सुरु हुनासाथ ‘जेन-जी’ प्रदर्शनका घटनाक्रम, आफू र श्रीमतिमाथिको त्रासदीपूर्ण आक्रमण, संसद विघटन, सरकार गठन र निर्वाचन घोषणाका विषयमा १३ पृष्ठ लामो लिखित मन्तव्य दिएर देउवाले आफ्नो प्रधानमन्त्रीकालमा गरेका उपलब्धिलाई समेत स्मरण गराएका थिए । विभिन्न कालखण्डमा छोटो-छोटो अवधिका लागि पाँच पटक प्रधानमन्त्री भएका उनले आफैंले सबै कार्यकाल जोड्दा पनि पाँच वर्ष कार्यकालभन्दा बढी प्रधानमन्त्री हुन नपाएको समेत बताए ।

पाँच पटक प्रधानमन्त्री भएर पनि देउवाले मुलुकलाई के गरे भन्ने आम प्रश्न अहिलेको प्रदर्शनभन्दा अगाडिदेखि नै उठ्ने गरेको थियो । पाँच-पाँच पटक प्रधानमन्त्री हुँदा समेत देउवाले सुशासन कायम गर्न नसकेको राजजीतिमा व्याप्त बेथिति भित्र्याएको आरोप लाग्दै आएको स्थितिमा बिदा लिँदै गर्दा देउवाको तेह्रपृष्ट लामो मन्तव्यमा भनिएको छ ‘तपाईंलाई थाहा नै छ म किशोर अवस्थादेखि नै देशको लोकतान्त्रि विधिको शासनका लागि जीवन पर्यन्त संघर्ष गरेको व्यक्ति हुँ ।

‘म लोकतन्त्रका निमित्त राजनीतिमा होमिँदा अहिलोको जसतो सरल र सहज अवस्था थिएन धेरै खालका दुख, कष्ट, जेलनेल खाएर आएको व्यक्ति हुँ । सांसद, मन्त्री, प्रधानमन्त्री वा नेपाली कांग्रेसको सभापति हुने ध्येयका साथ राजनीतिमा लागेको पनि होइन । म, वचन र कर्मका एकै उद्देश्य थियो राष्ट्र, राष्ट्रियता र लोकतन्त्र ।’ देउवाको १३ पृष्ट लामो मन्तव्यको ७ नम्बर बुँदामा भनिएको छ ‘मुलुकमा लोकतन्त्र स्थापना भएका कारण साथीहरको स्नेह र समर्थनले विभिन्न राजकीय पद प्राप्त गरेको हुँ । मैले राजनीतिमा निकै आरोह-अवरोह व्यहोरेको छु । देशमा संकट उत्पन्न हुँदा सदैव देश र जनताका पक्षमा दृढतापूर्वक उभिएको छु, अझै जीवन रहँदासम्म देश र जनताका लागि समर्पित रहनेछु । मेलै सदैव साथीहरूबाट अपार माया, स्नेह र समर्थन प्राप्त गरेको छु । साथीहरूका प्रति मेरो पनि त्यत्तिकै प्रेमभाव र समर्थन छ ।’

‘मैले नेपाली कांग्रेसलाई सधै सबै जात, क्षेत्र, लिङ्ग र समुदायको नेपाली मौलिकता सहितको पार्टी बनाउने प्रयास गरें । चाहे पार्टी भित्र कदमजमको नीति लागु गरेर होस् कि केन्द्रदेखि वडासम्म पार्टीका संरचनाहरूमा आरक्षण व्यवस्था गरेर अधिकतम समावेशी बनाउने अभियान नै चलाएँ । म यस काममा गर्व पनि गर्न चाहन्छु’ उनको मन्तव्यमा उल्लेख गरिएको छ ।

‘मैले छोटो-छोटो समयका लागि भए पनि पाँच पटक प्रधानमन्त्री हुने अवसर पाए । पाँच पटक प्रधानमन्त्री हुँदा हरिब एक कार्यकालको समय थियो । त्यसमा पनि अधिकांश चुनावी सरकारको नेतृत्व गरेको थिएँ’ देउवाले जाँदाजाँदै भने ‘मैले कतिपय क्षेत्रको सुधारमा कोशेढुंगाको काम गरेको तपाईंहरूलाई अवगत नै छ ।’ उनले आफ्ना ती कार्यकालमा सामाजिक कुरीतिका रूपमा रहेका कमैया मुक्ति, छुवाछुत मुक्त नेपालदेखि सामाजिक रूपान्तरणका कतिपय कामको सुरुवात गरेको स्मरण गराउँदै भ्रष्टाचार निवारणका लागि भ्रटाचार निवारण ऐन २०५९ जारी गरको विषय समेत विशेष स्मरण गराएका थिए ।

‘नेपालमा भूभिमाथिको द्वैध स्वामित्वको अन्त्य गरेर वैज्ञानिक भूमिसुधार लागू गरेको हुँ । यसैको जगमा अहिले हदबन्दी लागू हुनुका साथै द्वैध स्वामित्व अन्त्य भएको हो’ देउवाको मन्तव्यमा भनिएको छ ‘सम्पत्तिमा महिलाहरूको स्वामित्व स्थापित गर्न मैले मुलुकी ऐनको ११ औं संशोधन, दलित, महिला, जनजाति लगायतका समुदायको उत्थानका लागि आयोग बनाएर संरचनागत सुधार, मुलुकको आर्थिक रूपान्तरणमा डिमार्चरको रूपमा रहेको मूल्य अभिवृद्धि कर लागू गरेर कर प्रणालीलाई वैज्ञानिक र आधुनिक बनाउने काम पनि मैरै प्रधानमन्त्रीत्व कालमा सुरु भएको हो ।’

यसैगरी उनको मन्तव्यको अर्को बुँदामा भदौ २४ गते सिंगो मुलुक जलिरहेको बेला आफू र आफ्नो परिवारमाथि भएको त्रासदीपूर्ण सांघातिक हमला भएमा र घरमा तोडफोड, लुटपाट र आगजनी भएको र सुरक्षाकर्मीको घण्टौंको अथक प्रयाशपछि आफूहरूको उद्धार भएको सबै जानकार रहेको दुःखेसो पोख्दै त्यतिले मात्रै नपुगेर आफूहरूको प्रतिष्ठा र छवि गिराउन सुनियोजित रूपमा भ्रूटा प्रचार गरिएको बताए । ‘तपाईंहरूको माया, प्रार्थना र कामनाले उपचारपछि यो बैठकमा आएर बैठक संचालन गर्न पाएको छु । मेरा राजनीतिक जीवन यात्रामा भोगेका विभिन्न कठिन क्षणहरू सम्झँदा राष्ट्र, जनता र पद्धतिका लागि वैचारिक अडान लिँदा यस किसिमका अवस्था जुनसुकै बेला पनि आउन सक्छ केवल सामना गर्ने साहस राख्नुपर्छ भन्ने मेरो मान्यता रहेको छ’ उनको मन्तव्यमा भनिएको छ ‘यो घटनाक्रम झट्ट हेर्दा म र म जस्तै हाम्रा र अन्य राजनीतिक दलका अनगिन्ती साथीहरू माथिको व्यक्तिगत आक्रमण जस्तो देखिए तापनि समग्रमा हेर्दा देश, पद्धति र पार्टी माथिको आक्रमण नै हो भन्ने मेरो ठहर छ । म यो बैठकबाट आक्रमणकारीहरूको कब्जबाट हामीलाई बचाउने घटनास्थलका सुरक्षाकर्मी तथा शुभचिन्तक सबैलाई हृदयदेखि धन्यवाद ज्ञापन गर्दछु साथै जीवनभर स्मरण गरिरहनेछु ।

सभापति देउवा कार्यकारी भूमिकाबाट बाहिरिए पनि उनका वरपर रहेका व्यक्तिहरूका कारण विधानले तोकिएको समयभित्रै महाधिवेशन हुने कि नहुने भन्नेमा आशंका भने कायमै रहेको संस्थापनइतर पक्षका नेता मधु आचार्य बताउँछन् । ‘मंसिरभित्र नियमित महाधिवेशन हुने अवस्था बनेन भने त्यही समयमै विषेश महाधिवेशन बोलाउनुपर्छ । त्यसका लागि भए पनि हामी हस्ताक्षरसहित निवेदन दिने तयारीमा छौं’ उनको भनाइ थियो । उपसभापति खड्कामार्फत नै हस्ताक्षरसहितको निवेदन बुझाउन खोजिएको उनको भनाइ थियो ‘नभए महामन्त्रीहरूलाई बुझाउने छौं ।’

कार्यकारी जिम्मेवारीबाट बिदाइ लिँदै देउवाले आफ्नो व्यवस्थाका कारणले म पार्टीका उप-सभापति पूर्णबहादुर खड्कालाई कार्यबाहक सभापतिका रूपमा काम गर्ने गरी तोकेको मन्तव्यमा बताएका छन् । ‘उहाँले पार्टीको बृहत हितमा काम गर्नु हुनेछ भन्नेमा मेरो विश्वास छ’ देउवाको मन्तव्यमा भनिएको छ ।

## ओली–लेखक...

नियन्त्रणमा लिएर अनुसन्धान गर्नुपर्ने किसिमको पत्र प्रहरी हेडक्वार्टर नक्साल पुगेको थियो । पत्रपछि झस्किएका आईजीपी खापुङले अतिरिक्त प्रहरी महानिरीक्षकहरूलाई केडक्वार्टर नक्साल बोलाएर पत्रअनुसार कारबाही गर्दा झनै अवस्था जटिल बन्ने भन्दै यसबारे गृहमन्त्री अर्यालसँग छलफल गर्ने निर्णय भयो ।

त्यसलगत्तै एआईजीहरूलाई लिएर गृहमन्त्रालय पुगेर गृहमन्त्री अर्याल र गृहसचिव रामेश्वर दंगालसँग भेट गरेका आईजीपी खापुङले ‘जेन-जी’ प्रदर्शनको घटना छानबिन गर्न उच्चस्तरीय न्यायिक आयोग बनेर काम सुरु भएको अवस्थामा अहिल्यै पक्राउ गर्दा अवस्था भड्किन सक्नेबारे ब्रिफिङ गराएका थिए ।

त्यसबखत गृहमन्त्रीले जसरी पनि नियन्त्रणमा लिएर कारबाही गर्नुपर्ने पक्ष राखेपछि आईजीपी खापुङ जंगिएका थिए । त्यसले माहोल मिल्नुको साटो तनावउन्मुख बन्यो त्यसपछि आईजीपी खापुङले अहिलेकै अवस्थामा पक्राउ गरेर कारबाही गर्नुपर्ने भए राजीनामा दिन तयार भएको बताएको स्रोतले बतायो ।

पछि आईजीपीको सचिवालयले ओली र लेखकलाई पक्राउ गर्नुपरे राजीनामा दिने भन्ने अभिव्यक्ति नदिएको भन्दै खण्डन गरिसकेको छ । प्रहरीले जाहेरी दर्ता गर्न नमानेकोदेखि आयोगमा पठाएको विषयमा रुष्ट बनेको गृहमन्त्री अर्यालले प्रहरीको यो कदमविरुद्ध सोमबार माइतीघरमा नामै लिएर अभिव्यक्ति दिएपछि गृहमन्त्री अर्याल र प्रहरीबीचको टकराव सतहमै आएको हो ।

यसरी प्रहरीले जाहेरी दर्ता नगरी आयोगमा पठायो । प्रहरीबाट आएको जाहेरी तीन दिन अध्ययन गरेर २३ असोजमा आयोगले परिसर काठमाडौंमै फिर्ता गर्ने निर्णय गऱ्यो । ‘हाम्रो टीओआरमा त्यो जाहेरी नपर्ने भएपछि प्रहरीमै फिर्ता पठाएका हौं’ जाँचबुझ आयोगका प्रवक्ता तथा सदस्य विज्ञानराज शर्माले भने ‘अब जाहेरीमाथि निर्णय प्रहरीले नै गर्छ ।’

आयोगद्वारा प्रकाशित विज्ञप्तिमा समेत यिनै कुराहरू उल्लेख छन् । ‘फौजदारी वारदातमा विस्तृत अनुसन्धान तहकिकात गरी कसुरदार देखिने अवस्थामा अभियोजन समेत लगाउने कार्य यस आगोगको कार्यक्षेत्रभित्र परेको छैन । फौजदारी कसुरमा जोकोहीलाई नेपाल सरकारका संयन्त्रहरूबाट तत्काल अनुसन्धान र कारबाही गर्न/गराउन नेपालको कानुनले अख्तियारी प्रदान गरेको विदितै छ । यस्तो कारबाहीका लागि आयोगको प्रतिवेदन कुर्न नपर्ने भएकाले प्राप्त जाहेरी निवेदन र कागजात जिल्ला प्रहरी परिसर काठमाडौंमा फिर्ता पठाइदिने ।’

प्रहरीबाट आयोग अनि आयोगबाट प्रहरीमा पुग्ने गरेको सो जाहेरी दर्ता हुन सकेको छैन । जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी तथा प्रवक्ता पवनकुमार भट्टराईले जाहेरी अध्ययनकै क्रममा रहेको बताए । लामो समयसम्म प्रहरीले जाहेरी दर्ता नगरेकोप्रति रोष प्रकट गर्दै गृहमन्त्री अर्यालले ‘ कानुनसम्मत रूपमा दर्ता हुने भए दर्ता गर्नुपऱ्यो । दर्ता नहुने हो भने, कसैको हिम्मत छ भने देख्नुपऱ्यो- यो कारणले दर्ता भएन । अनि त्यसको परिणाम पनि भोग्नुपऱ्यो’ भनेका छन् ।

पछिल्लो समय ‘जेन-जी’ प्रदर्शनमा मारिएका पीडित परिवारको तर्फबाट नभई विभिन्न संघ-संगठनबाट आन्दोलनरत पक्ष तथा काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह (बालेन), हामी नेपालका संस्थापक सुदन गुरुङलगायतविरुद्ध समेत विभिन्न प्रहरी कार्यालयमा जाहेरी परेको छ ।

उनीहरूविरुद्ध जिल्ला प्रहरी परिसर काठमाडौंदेखि ललितपुर बाहिरका जिल्लाहरूमा पनि जाहेरी परेको छ । ती जाहेरी समेत प्रहरीले दर्ता गरेको छैन । जिल्ला प्रहरी परिसर ललितपुरका एसएसपी होविन्द्र बोगटी जाहेरी आएको तर अध्ययनकै क्रममा रहेका दर्ता हुन बाँकी नै रहेको दाबी गरे ।

पक्ष-विपक्षका तर्फबाट धमाधम जाहेरी आउन थालेपछि प्रहरी समेत अलमलमा परेका हुन् गरु । केही जाहेरीमा प्रतिशोध र राजनीतिक घुसेको प्रहरीको बुझाइ छ । पूर्व गृहसचिव उमेश मैनालीले यसरी आएका जाहेरीलाई लिएर अनुसन्धान गर्न प्रहरीलाई कुनै बाधा-अड्चन नभएको बताए । ‘जेन-जी’ आन्दोलनको क्रममा २३ भदौमा सुरक्षाकर्मीको गोली लागेर २१ जनाको ज्यान गएको घटनामा ओली-लेखकसँगै काठमाडौंका तत्कालीन प्रमुख जिल्ला अधिकारी (सिडीओ) छविलाल रिजालविरुद्ध समेत जाहेरी दर्ता गरेर प्रहरीले अबढाएको भन्दै गृहमन्त्री अर्याल आक्रोशित देखिन्छन् ।

‘यदि कसैले न्यायको बाटो अवरुद्ध गर्छ भने त्यो मान्छे चिनिनपऱ्यो र उसले त्यसको जिम्मेवारी लिनुपऱ्यो । इतिहासले पनि चिन्नुपऱ्यो, हाम्रा राज्यका संयनत्रले पनि चिन्नुपऱ्यो’ जाहेरी दर्ता गर्न नमान्नेविरुद्ध आकोश पोख्दै उनले भने ‘कुरा यत्ति हो ।’

प्रदर्शनले गर्दा मनोबल गिरेको प्रहरीको गृहमन्त्रीसँग देखिरहेको यस खाले असन्तुष्टिले प्रहरीलाई थप कमजोर बनाउँदै लैजाने देखिएको छ ।

मुटुलाई माया गरौं !

मुटुलाई स्वस्थ राख्नः

- नियमित व्यायाम गरौं, मोटोपन घटाऔं,
- नुनीलो, चिल्लो र गुलियो कम खाऔं; सन्तुलित आहार, फलफूल र हरियो सागसब्जी खाऔं,
- धूम्रपान र मद्यपान नगरौं,
- ध्यान, योग र सकारात्मक सोचमार्फत तनाव कम गरौं,
- पर्याप्त मात्रामा सुतौं,
- सक्रिय जीवनशैली अवलम्बन गरौं ।

मुटुको नियमित परीक्षण गरौं !

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम)** [९८४९६००२०९] बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने** [९८४६५२८५०२]
**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं